वार्षिक मूल्याङ्कन प्रतिवेदन

(आर्थिक वर्ष २०८०/८१)

सुदूरपश्चिम प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

धनगढी, कैलाली

२०८१, कार्तिक

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५ (४) को व्यवस्था बमोजिम प्रकाशित

आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदन

प्रकाशकः

सुदूरपश्चिम प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

सुदूरपश्चिम प्रदेश

आर्थिक वर्षः २०८१/८२

© प्रतिलिपि अधिकार

सुदूरपश्चिम प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

धनगढी, कैलाली।

प्रकाशन मितिः कार्तिक, २०८१

मुद्रण प्रतिः

Email: moea@sudurpashchim.gov.np

URL: https://moea.sudurpashchim.gov.np/

फोनः ०९१-५२०१०७

मूल्याङ्कन प्रतिवेदन सम्बन्धमा

सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५(४) मा बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था मूल्याङ्कन गरी आर्थिक मामिला मन्त्रालयले एकीकृत मुल्यांकन प्रतिवेदन प्रकाशन गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्था बमोजिम आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारबाट सम्पादन भएका कार्यहरू, प्रदेश सरकारले, विनियोजन गरेको बजेटको लक्ष्य र उद्देश्य प्राप्तिको अवस्थाबारे सरोकारवालालाई जानकारी गराउने उद्देश्यले यो प्रतिवेदन प्रकाशन गरिएको छ।

प्रस्तुत प्रतिवेदनमा प्रदेश सरकारको राजस्व, खर्च, अनुदान (समानिकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान) को अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरणका साथै प्रदेश सरकारको समष्टिगत आर्थिक तथा वित्तीय स्थितिको मुल्याङ्कन गरिएको छ। प्रदेश सरकारले अवलम्बन गरेका नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्थाको समेत विश्लेषण गरिएको छ। यसका साथै प्रदेश सरकारबाट आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहहरूलाई भएको वित्तीय हस्तान्तरणको विवरण समेत समावेश गरिएको छ। सम्बन्धित मन्त्रालय, सचिवालय र निकायले हासिल गरेका उपलब्धि तथा प्रदेश गौरवका आयोजनाको प्रगति विवरणात्मक रूपमा प्रस्तुत गरिएको छ।

प्रस्तुत बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदनमा प्रदेश सरकारका विषयगत मन्त्रालय तथा निकायहरूको वित्तीय विवरण र वार्षिक कार्यक्रम कार्यान्वयनको प्रगति समावेश गरिएको छ। आर्थिक योजना, तथ्याङ्क, विकास प्रशासन र सुशासनका क्षेत्रमा चासो राख्ने सबैलाई समेत यो प्रतिवेदन उपयोगी हुनेछ भन्ने विश्वास लिइएको छु।

आर्थिक मामिला मन्त्रालय
सुदूरपश्चिम प्रदेश

विषयसूची

परिच्छेद - १ परिचय १
१.१ पृष्ठभूमि १
१.२ प्रतिवेदन तयारी विधि १
१.३ प्रतिवेदनको उद्देश्य १
परिच्छेद - २ ..... २
नीति तथा कार्यक्रम र बजेटका प्राथमिकता तथा सिद्धान्त २
२.१ नीति तथा कार्यक्रम २
२.२ बजेटका सिद्धान्त तथा प्राथमिकता १९
परिच्छेद — ३ ..... २३
वित्तीय अवस्थाको विश्लेषण २३
३.१ प्रदेश आर्थिक कार्यप्रणाली र अवस्था २३
३.२ प्रदेश सञ्चित कोष २३
३.३ प्रदेश आन्तरिक ऋण २३
३.४ प्रदेश वित्तीय क्षेत्र व्यवस्थापन २३
परिच्छेद - ४ वार्षिक विनियोजन तथा खर्चको विश्लेषण २५
४.१ वार्षिक अनुमान र प्राप्ति २५
४.२ वार्षिक बजेट विनियोजन र खर्चको विवरण २६
४.३ मन्त्रालय/निकायगत खर्चको विवरण २७
४.४ स्रोतगत खर्चको विवरण ३०
४.५ खर्चको तुलना ३३
४.६ कार्यगत खर्चको स्थिति ३४
४.७ प्राथमिकताका आधारमा खर्चको स्थिति ३६
४.८ रणनीतिक स्तम्भहरूको आधारमा खर्चको स्थिति ३७
४.९ दिगो विकास लक्ष्यको आधारमा खर्च स्थिति ३७
४.१० लैंगिक बजेट विनियोजन र खर्च ३८
४.११ जलवायु बजेट विनियोजन र खर्च ३९
४.१२ खर्च शीर्षकगत खर्च स्थिति ३९
४.१३ अन्तर सरकारी वित्तीय हस्तान्तरण ४३
परिच्छेद - ५ मन्त्रालय/निकायबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरू ४५
५.१ प्रदेश व्यवस्थापिका ४५
५.१.१ वित्तीय विवरण ४५
५.१.२ प्रमुख उपलब्धि ४६
५.२ प्रदेश लोक सेवा आयोग ४७
५.२.१ वित्तीय विवरण ४७
५.२.२ प्रमुख उपलब्धि ४७
५.३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ४९
५.३.१ वित्तीय विवरण ४९
५.४.२ प्रमुख उपलब्धि ४९
५.४. आर्थिक मामिला मन्त्रालय ५२

५.४.१ वित्तीय विवरण ५२
५.४.२ प्रमुख उपलब्धि ५३
५.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ५५
५.५.१ वित्तीय विवरण ५५
५.५.२ प्रमुख उपलब्धि ५६
नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रम कार्यान्वयनको अवस्था ५६
५.६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ८०
५.६.१ वित्तीय विवरण ८०
५.६.२ प्रमुख उपलब्धि ८१
कृषक पाठशाला ८८
५.७ आन्तरिक मामिला तथा कानून मन्त्रालय ९७
५.७.१ वित्तीय विवरण ९७
५.७.२ प्रमुख उपलब्धि ९८
५.८ भौतिक पूर्वाधार विकास मन्त्रालय ९९
५.८.१ वित्तीय विवरण ९९
५.८.२ प्रमुख उपलब्धि ९९
५.८.३ प्रादेशिक गौरवका योजनाहरुको विवरण १०१
५.९ सामाजिक विकास मन्त्रालय १०४
५.९.१ वित्तीय विवरण १०४
५.९.२ प्रमुख उपलब्धि १०४
५.१० प्रदेश नीति तथा योजना आयोग १०७
५.१०.१ वित्तीय विवरण १०७
५.१०.२ प्रमुख उपलब्धि १०७
परिच्छेद - ६ समस्या, चुनौती तथा भावी कार्यदिशा १०९
६.१ समस्या र चुनौती १०९

तालिका सूची

तालिका १ प्रदेशमा रहेका सहकारीहरूको विवरण..... २४
तालिका २ स्रोतगत आय अनुमान र यथार्थ प्राप्तिको तुलना..... २५
तालिका ३ बार्षिक बजेट विनियोजन र खर्च..... २६
तालिका ४ निकायगत विनियोजन र खर्च..... २७
तालिका ५ स्रोतगत खर्चको विवरण..... ३०
तालिका ६ कार्यगत खर्चको विवरण..... ३५
तालिका ७ प्राथमिकताका आधारमा खर्चको विवरण..... ३६
तालिका ८ रणनीतिक स्तम्भहरूको आधारमा खर्च..... ३७
तालिका ९ दिगो विकास लक्ष्यको आधारमा खर्चको विवरण..... ३८
तालिका १० खर्च शीर्षकगत खर्चको विवरण..... ३९
तालिका ११ प्रदेशबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण..... ४४
तालिका १२ प्रदेश व्यवस्थापिकाको समिक्षा अवधिमा भएको खर्चको विवरण..... ४५
तालिका १३ प्रदेश लोक सेवा आयोगमा विनियोजन गरिएको खुद बजेट र वार्षिक खर्चको विवरण..... ४७
तालिका १४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण..... ४९
तालिका १५ आर्थिक मामिला मन्त्रालयको खुद बजेट र समिक्षा अवधिमा भएको खर्चको विवरण..... ५२
तालिका १६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण.. ५५
तालिका १७ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण.... ८०
तालिका १८ आन्तरिक मामिला तथा कानून मन्त्रालयमा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण..... ९७
तालिका १९ भौतिक पूर्वाधार विकास मन्त्रालयको समिक्षा अवधिसम्मको वित्तीय विवरण..... ९९
तालिका २० सामाजिक विकास मन्त्रालयमा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण..... १०४
तालिका २१ प्रदेश नीति तथा योजना आयोगलाई विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण..... १०७

चित्र सूची

चित्र १ कूल विनियोजन र खर्चको तुलनात्मक अवस्था..... २७
चित्र २ मन्त्रालय/निकायगत खर्चको भार..... ३०
चित्र ३ आर्थिक वर्ष २०८०/८१ को स्रोतगत विनियोजन र खर्च..... ३२
चित्र ४ वार्षिक विनियोजन र खर्चको तुलनात्मक चार्ट..... ३४

परिच्छेद - १
परिचय

१.१ पृष्ठभूमि

सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५ मा "बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा सो अवधि समाप्त भएको चार महिनाभित्र राजस्व, खर्च र आयोजना तथा कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त हुने अनुदान (समानिकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान) का साथै वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण, प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्था र अन्य आवश्यक विवरणहरू सार्वजनिक गर्नुपर्ने" व्यवस्था भए बमोजिम यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गरिएको छ। यसका साथै आर्थिक वर्ष २०८०/८१ को प्रमुख नीति तथा कार्यक्रम कार्यान्वयनको स्थिति, मन्त्रालय/निकायगत खर्चको विवरण, मन्त्रालयहरूबाट कार्यान्वयनमा रहेका मुख्य-मुख्य कार्यक्रमको भौतिक र वित्तीय प्रगति, कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका चुनौतीहरू, र आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्र समेतको विवरणात्मक रूपमा प्रस्तुत गरिएको छ। यसका साथै अघिल्ला दुई आर्थिक वर्षहरूको सोही अवधिको प्रगति विवरणसँग गत आर्थिक वर्षको प्रगतिलाई तुलना समेत गरिएको छ। वित्तीय क्षेत्र विश्लेषण अन्तर्गत हाल प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका सहकारी क्षेत्रसँग सम्बन्धित विवरण मात्र समावेश गरिएको छ।

१.२ प्रतिवेदन तयारी विधि

यो प्रतिवेदन आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम, बजेट व्यक्तव्य, वार्षिक बजेट तथा कार्यक्रम र विभिन्न मन्त्रालय तथा निकायबाट सम्पादन भएका कार्यको विवरण संकलन, विश्लेषण र मुल्यांकन गरी विवरणात्मक प्रस्तुतिको विधि अवलम्बन गरी तयार गरिएको छ।

१.३ प्रतिवेदनको उद्देश्य

सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५(४) बमोजिम आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रमको प्रगति र उपलब्धिको विश्लेषण गरी सरोकारवालालाई यथार्थ जानकारी सम्प्रेषण गर्नु यस प्रतिवेदनको उद्देश्य रहेको छ।

परिच्छेद - २

नीति तथा कार्यक्रम र बजेटका प्राथमिकता तथा सिद्धान्त

२.१ नीति तथा कार्यक्रम

१. प्रथम पञ्चवर्षीय योजनाको विकास सम्बन्धि रणनीति, प्राथमिकता, क्षेत्रगत रणनीति र कार्यनीतिका आधारमा दिगो विकास लक्ष्य र विकासशील राष्ट्रमा स्तरोनन्ति हुने राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी प्रादेशिक विकास कार्यक्रम तर्जुमा गरिनेछ।

२. उद्यमशीलता विकास, रोजगार एवम् स्वरोजगारमूलक कार्यक्रम, औद्योगिक जनशक्ति उत्पादन एवम् क्षमता विकास कार्यक्रम संचालन गरी प्रदेशको आर्थिक विकास, गोजगारी र गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

३. आत्मानिर्भर प्रादेशिक अर्थतन्त्र निर्माणका लागि स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गरी लगानीमैत्री वातावरण सिर्जना गर्न नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ।

४. सरकारको स्रोत व्यवस्थापनमा परेको चापलाई मध्यनजर गर्दै चालु खर्चलाई वान्चित सीमाभित्र राखी पुँजीगत खर्चलाई बढावा दिइनेछ। सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डलाई परिमार्जन गर्नुका साथै एकीकृत आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागु गरिनेछ।

५. वार्षिक विकास कार्यक्रममा लैङ्गिक उत्तरदायी, दिगो विकास लक्ष्य र जलवायु अनुकूलन सम्बन्धी बजेट कोड अवलम्बन गरिनेछ। लैङ्गिक उत्तरदायी बजेट सांकेतीकरण सम्बन्धी निर्देशिका तर्जुमा गरिनेछ। लैङ्गिक उत्तरदायी, दिगो विकास लक्ष्य र जलवायु अनुकूलन बजेट तर्जुमा एवम् सांकेतीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६. हाल सञ्चालनमा रहेका बहुवर्षीय, क्रमागत र अधुरा एवम् दायित्व सिर्जना भएका आयोजनाको पुनरावलोकन गरी तोकिएको समयमै सम्पन्न गर्न बजेट विनियोजनमा प्राथमिकता दिइनेछ। आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

७. प्रदेश गौरव, रणनीतिक महत्व र रूपान्तरणकारी आयोजनाको सम्भाव्यता अध्ययन गरी आयोजना बैङ्कमा सूचीकृत गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ। आर्थिक र सामाजिक लाभ दिने एवम् पुँजी निर्माण हुने आयोजना वार्षिक विकास कार्यक्रममा समावेश गर्दै लगिनेछ। परियोजनामा आधारित बजेट प्रणालीलाई प्राथमिकता दिइनेछ।

८. प्रदेश गौरवका आयोजना छनोट सम्बन्धी मापदण्ड निर्धारण गरी हाल सञ्चालित आयोजनाहरूको पुनरावलोकन गरिनेछ। विषयगत क्षेत्र समेटिने गरी प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिले सम्भाव्य आयोजनाहरूलाई प्रदेश गौरवका आयोजनाहरूको रूपमा छनोट गरिनेछ।

९. वित्तीय सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्न र विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्न नेपाल राष्ट्र बैंकसँगको सहकार्यमा जिल्ला सदरमुकाममा वित्तीय साक्षरता, अभिमुखीकरण एवम् क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१०. एकल खाता कोष प्रणाली, कम्प्युटराइज्ड सरकारी लेखा प्रणाली र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई नेपाल सरकारसँगको समन्वय तथा सहकार्यमा सबल र सुदृढ बनाइनेछ। आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाइ वित्तीय सुशासन कायम गर्न ठुला प्रादेशिक आयोजनाको आन्तरिक लेखापरीक्षण गर्ने कार्यलाई थप निरन्तरता दिइनेछ।

११. महालेखापरीक्षकको कार्यालयको विभिन्न प्रतिवेदनमा औंल्याइएको बेरूजु फछ्र्यौट गर्न कार्ययोजना बनाइ फछ्र्यौट तथा सम्परीक्षण गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ। बेरूजु फछ्र्यौटको प्रगति प्रतिशतको आधारमा सम्बन्धित कार्यालय प्रमुख तथा कर्मचारीलाई कार्यविधि बमोजिम सम्मान एवम् पुरस्कृत गरिनेछ।

१२. प्रदेश सरकारको राजस्व परिचालन क्षमता विस्तार गरिनेछ। संघ सरकारको विद्यमान वित्तीय हस्तान्तरण नीति तथा कानूनलाई समता, सन्तुलन र क्षतिपूर्तिको दृष्टिबाट परिमार्जन गर्न संघ सरकारसँग विशेष पैरवी गरिनेछ। आन्तरिक आय वृद्धिका सम्भावना अध्ययन गरी राजस्व परिचालनको कार्ययोजना कार्यान्वयन गरिनेछ।

१३. प्रदेश र स्थानीय तहबिचको आर्थिक, प्रशासनिक तथा वित्तीय अन्तरसम्बन्ध सुदृढ गर्न र राजस्व बाँडफाँट प्रभावकारी तुल्याउन प्रदेशबाट हुने वित्तीय हस्तान्तरण वृद्धि गर्नुको साथै योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनमा साझेदारी अभिवृद्धि गरिनेछ।

१४. वैदेशिक रोजगारबाट फर्किएका, द्वन्द्व प्रभावित, अपाङ्ग, घाइते, सहिद परिवार, एकल महिला, मुक्त कमैया, कम्लहरी, हलिया, दलित, बादी, राजी, राउटे, सोनाहाँ, गरिबीको रेखामुनि रहेका वर्ग र समुदायका स्वरोजगार बन्न चाहने युवायुवतीलाई प्रदेश स्वरोजगार कोषमार्फत सीपमूलक तालिम तथा सहुलियत ब्याजदरमा कर्जा प्रदान गरी स्वरोजगार र उद्यमशील हुन प्रेरित गरिनेछ।

१५. आर्थिक तथ्याङ्क व्यवस्थापन तथा तथ्यमा आधारित नीति तर्जुमाका लागि अध्ययन र अनुसन्धानलाई प्राथमिकता दिइनेछ।

१६. प्रदेश सरकारका विकास नीति एवम् कार्यक्रमको प्रभावकारिता परीक्षणका लागि नीति संवाद, अनुसन्धान र पैरवी गरिनेछ।

१७. प्रदेश सरकारको निर्दिष्ट लक्ष्य हासिल गर्न सरकारी, गैरसरकारी र नागरिक समाजका निकायसँग समेत साझेदारी गर्न सकिने नीति अवलम्बन गरिनेछ। साझेदारीको ढाँचा एवम् मापदण्ड तर्जुमा सोही बमोजिम वस्तुनिष्ठ योगदान र परिभाषित भूमिकाको आधारमा उपयुक्त सम्झौताको माध्यमबाट मात्र साझेदारी गर्न सकिने प्रबन्ध मिलाइनेछ।

१८. आयोजना छनोट, प्राथमिकीकरण, वातावरणीय सन्तुलन, क्षेत्रगत तथा अन्तरनिकाय समन्वय लगायत भौतिक पूर्वाधार एवम् आर्थिक, सामाजिक विकास व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न आवश्यक कानूनी तथा नीतिगत व्यवस्था गरिनेछ। आयोजना छनोट र प्राथमिकीकरणलाई नियमित कार्यप्रणालीमा आवद्ध गरिनेछ।

१९. "प्रदेश सरकार; कृषकको सहयोगी" भन्ने नाराका साथ कृषि क्षेत्रको लागत न्यूनीकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न विद्युत, कृषि बिमा, कृषि कर्जा, बिउ, बेर्ना, नश्ल, रासायनिक मल र कृषि यन्त्र उपकरणमा प्रदान गर्दै आएको सहुलियतलाई निरन्तरता दिइनेछ।

२०. "कृषिमा आत्मनिर्भर सुदूरपश्चिम प्रदेश अभियान" सञ्चालन गरी आगामी पाँच वर्षभित्र दलहन, मसलाबाली र फलफूलमा आत्मनिर्भर हुने नीति लिइनेछ। तरकारी, आलु, खाद्यान्न बिउ, केरा, दूध, मासु र अण्डामा आत्मनिर्भर हुने विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२१. हालसम्म उपलब्ध गराउँदै आएको कृषि अनुदानमा देखिएका कमीकमजोरीलाई हटाउन र कृषि अनुदानको समुचित उपयोग सुनिश्चित गर्न "व्यावसायिक कृषिका लाग "शून्य ब्याज" भन्ने नाराका साथ प्रदेश कृषि व्यवसाय प्रवर्द्धन कोष स्थापना गरिनेछ। कृषि व्यवसाय सञ्चालन गर्न चाहने कृषकलाई प्रदेश कृषि व्यवसाय प्रवर्द्धन कोषबाट शून्य ब्याजदरमा कृषि व्यवसाय कर्जा उपलब्ध गराइनेछ।

२२. साना किसानलाई उपलब्ध गराउँदै आएको सहायता तथा सहुलियतलाई उत्पादनमा आधारित तुल्याउन विद्यमान कार्यविधिमा संशोधन गरिनेछ।

२३. कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरण प्रवर्धन गर्ने कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। बहुतले खेती (भर्टिकल फार्मिङ्ग), नमुना फार्म स्थापना, चैते तथा मसिना धान प्रवर्धन, अभियानमुखी मकै भटमास प्रवर्धन, फलफूल बगैंचा स्थापना, बाख्रा, भेडा, च्याङ्ग्रा, माछा, बंगुरपालन र कृषि तथा पशुपन्छी

उत्पादन बजारीकरण सहयोग कार्यक्रम सञ्चालन गर्नुका साथै उत्पादनको बजारीकरणको लागि लागत साझेदारीमा कृषि एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ।

२४. कृषिमा आधारित उद्योग तथा उद्यमशीलताको विकास गर्दै कृषि पेसालाई औद्योगिक मूल्य श्रृंखलामा आवद्ध गरिनेछ। कृषिमा आधारित उद्योग प्रवर्धनका लागि कृषि उपकरण तथा प्रविधि हस्तान्तरण, कृषिवस्तु प्रशोधन, भण्डारण एवम् ढुवानी सम्बन्धी पूर्वाधार निर्माण निजी क्षेत्रसमेतको साझेदारीमा सञ्चालन गर्न वृहत् एवम् विशेष उत्पादन तथा औद्योगिकीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२५. खाद्य एवम् पोषण सुरक्षा सुनिश्चित गर्ने नीति कार्यान्वयन गर्न स्थानीय कृषिवस्तु उपभोग गरौंः खाध एवम् पोषण सुरक्षा सुनिश्चित गरौं" भन्ने नाराका साथ रैथाने तथा पोषणयुक्त बाली प्रवर्धन, नवीन प्रविधिको प्रयोग र घरबारी बगैंचा जस्ता कार्यक्रम सञ्चालनमा जोड दिइनेछ। स्थानीय तह, निजी र सहकारी क्षेत्रको साझेदारीमा खाद्यान्न भण्डार गृह स्थापना गर्ने नीति लिइनेछ।

२६. कृषि उत्पादन वृद्धि गर्न बाह्रै महिना खेतीका लागि साना सिंचाइ निर्माण तथा मर्मतः कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई ससर्त वित्तीय हस्तान्तरण गरिनेछ।

२७. सरकारी, निजी तथा सहकारी क्षेत्रको समन्वयमा उन्नत तथा शङ्कर जातको बिउ उत्पादन गरी बिउ प्रतिस्थापन दरमा सुधार ल्याइनेछ। संघसस्था, विद्यालय र कम्पनीको नाममा रहेको बाँझो जमिन स्थानीय तहको समन्वय र सहजीकरणमा चक्लाबन्दीमा व्यावसायिक खेती गर्ने व्यत्ति फर्म तथा सहकारीलाई सहुलियत भाडादरमा उपलब्ध गराउने कार्यको सुरू गरिनेछ।

२८. प्रदेशभित्र रहेका कृषि तथा मत्स्य फार्म, स्रोत केन्द्र, प्रयोगशाला था कृत्रिम गर्भाधान केन्द्रहरूको स्तरोनन्ति गरिनेछ। कैलाली जिल्लाको गेटामा स्थापना भएको तरल नाइट्रोजन प्लान्ट सञ्चालनमा ल्याइनेछ। बाली रोग किरा नियन्त्रण तथा विपद् जोखिम व्यवस्थापन गर्नका लागि विज्ञ सेवा सञ्चालन गरिनेछ।

२९. कृषि पेसालाई मर्यादित एवम् सम्मानित बनाउन उत्कृष्ट कृषक एवम् स्थानीय तहलाई पुरस्कृत गर्ने र अनुकरणीय अभ्यासलाई प्रचारप्रसार गर्ने व्यवस्था मिलाइनेछ। कृषकको क्षमता अभिवृद्धि गर्न स्थानीय तहसँगको सहकार्यमा "एक स्थानीय तहः एक कृषक पाठशाला" कार्यक्रम सञ्चालन गरिनेछ।

३०. प्रदेशभित्र रहेका सुकुम्बासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन र मुक्त कमैया, हलिया तथा कम्लहरीको पुनःस्थापनाका लागि सरोकारवाला निकायसँग

समन्वय र सहकार्य गरिनेछ। भूमि प्रशासनलाई चुस्त, सेवाग्राहीमैत्री तथा प्रविधियुक्त बनाउन प्रदेशभित्रका मालपोत तथा नापी कार्यालयसँग समन्वय र सहकार्य गरिनेछ।

३१. पशु कल्याणका आधारभूत अवधारणा अवलम्बनमा जोड इनेछ। स्थानीय तह र अन्य सरोकारवाला निकायसँगको साझेदारीमा छाडा पशुको दिगो व्यवस्थापन गरिनेछ।

३२. पशुपन्छीको रोग नियन्त्रण तथा पशु स्वास्थ्य सेवा सम्बन्धी विज्ञ सेवा एवम् आकस्मिक उपचार सेवा सबै जिल्लामा सञ्चालन गरिनेछ। जुनोटिक महामारीजन्य रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि बृहत खोप तथा आकस्मिक उपचार र जनचेतना अभिवृद्धि कार्यक्रम सचाल गरिनेछ।

३३. सहकारी संस्थाहरूको सबलीकरण, सुदृढीकरण तथा नियमन गर्दै उत्पादन र बजारीकरणमा प्रोत्साहन गरिनेछ। सहकारी संस्थाहरूमा सुशासन प्रवर्धन कार्यलाई प्रभावकारी बनाइनेछ।

३४. स्थानीय कच्चा पदार्थ र स्रोतको प्रयोग हुने गरी "एक जिल्ला; एक उद्योग" कार्यक्रम सञ्चालन गरिनेछ। सम्बन्धित जिल्ला तथा स्थानीय तह विशेष कृषि, वन, खानी तथा खनिज कच्चा पदार्थमा आधारित प्रशोधन केन्द्र तथा उद्योग स्थापनाका लागि निजी क्षेत्रलाई आकर्षित गर्न विशेष सहुलियत तथा प्रोत्साहन उपलब्ध गराइनेछ। लगानीमैत्री वातावरण निर्माण गरी औद्योगिक प्रवर्द्धन गर्न संघ सरकार, सहकारी र निजी क्षेत्रसँग साझेदारी गरिनेछ। उद्योग क्षेत्रको विकासका लागि दश वर्षे औद्योगिक रणनीतिक योजना तयार गरिनेछ।

३५. सुदूरपश्चिम प्रदेशबाट हुने श्रम आप्रवासनलाई निरूत्साहन गर्न युवो क्षमता विकास र रोजगारीको अवसर सिर्जना गरिनेछ। रोजगारीको सिलामा सुदूरपश्चिम प्रदेशको भन्सार विन्दुबाट वैदेशिक रोजगारीमा जाने युवाको रोजगारी सम्बन्धी अभिलेख विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ।

३६. सुदूरपधिम प्रदेशमा सूचना प्रविधिको विकासका लागि युवालाई सूच प्रविधि व्यवसायमा आकर्षित गर्न प्रोत्साहन एवम् सहुलियत प्रदान गर्नुको साथै डीजिटल साक्षरता दर अभिवृद्धि गर्ने लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

३७. सुदूरपश्चिम प्रदेशका युवाहरूलाई सरकारी सेवामा आकर्षित गर्न प्रतिस्पो नमता विकास गरिनेछ। यसका लागि परीक्षा तयारी सम्बन्धी विशेष कार्यक्रम बालन गरिनेछ।

३८. युवा उद्यमशीलता विकास गर्न स्टार्ट अप उद्यम कर्जा कोष स्थापना गरी वैदेशिक रोजगारीबाट फर्किएका २०० जना युवालाई स्टार्ट अप उद्यम कर्जा उपलब्ध

गराइनेछ। संघ र स्थानीय तहका समान प्रकृतिका कार्यक्रमसँग साझेदारी गरी उद्यमशीलता विकास सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ।

३९. सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा परम्परागत ज्ञान तथा मौलिक सीपमा आधारित साना तथा मझौला उद्योगहरूको स्थापना तथा सञ्चालन र प्रविधि हस्तान्तरण गरिनेछ।

४०. सीप सिकौ, श्रम र पसिना स्वदेशमै बिकाउँ" भन्ने नाराका साथ गुणस्तरीय औद्योगिक जनशक्ति विकास गर्नका लागि सपयसापेक्ष, माग तथा आवश्यकतामा आधारित युवा लक्षित सीपमूलक तथा क्षमता अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन गरिनेछ। महिला, आदिवासी जनजाति, राउटे, दलित, अपाङ्ग, द्वन्द्वपीडित, सशस्त्र संघर्ष तथा जनआन्दोलनका सहिद परिवार लगायत आर्थिक एवम् सामाजिक रूपले पिछडिएका समुदायको उत्थानका लागि सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

४१. सुदूरपश्चिम प्रदेशमा सम्भावना रहेका खनिज पदार्थको खोज, अनुसन्धान तथा अन्वेषणका लागि अध्ययन अनुसन्धानका कार्य प्रारम्भ गरिनेछ।

४२. उद्योग तथा वाणिज्य प्रशासनलाई सेवाग्राहीमैत्री बनाउन सेवाप्रवाहलाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ।

४३. उपभोक्ताको हक अधिकारको संरक्षण, कालोबजारी तवा कृत्रिम अभाव नियन्त्रण र आपूर्ति व्यवस्थालाई सहज बनाउन बजार अनुगमन तथा नियमनलाई नियमित र प्रभावकारी बनाइनेछ। हिमाली एवम् दुर्गम क्षेत्रमा नुन लगायतका अत्यावश्यक खाद्य सामग्रीको सहज र सुलभ आपूर्तिको व्यवस्था मिलाउन सहकार्य गरिनेछ।

४४. प्रदेश गौरवका आयोजना अन्तर्गतका सडक सञ्जालले समेट्ने क्षेत्रमा प्राकृतिक, भौगोलिक, धार्मिक, आध्यात्मिक एवम् पर्या पर्यटन र कृषि, वन तथा साना सहरी विकास कार्यक्रमलाई एउटै सर्किटमा आबद्ध गरी पर्यटन र विकासमा बहुक्षेत्रीय एकीकरणको नमुना कार्यक्रमको ढाँचा तय गरिनेछ। यसका लागि मुख्यमन्त्री एकीकृत पर्यटन विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। यस कार्यक्रम अन्तर्गत खप्तड, बडीमालिका, रामारोशन, चिसापानी राजकाँडा, शुक्लाफाँटा, परशुरामधाम, घोडाघोडी, बेहडाबाबा, अपि, सैपाल लगायत पर्यटकीय सम्भावना भएका क्षेत्रको एकीकृत विकास गरिनेछ।

४५. पर्यटन पूर्वाधार, समृद्ध प्रदेशको आधार" भन्ने नाराका साथ संघ सर र स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन गुरूयोजना बमोजिम होटल, लज, हिल स्टेसन, डाउनहिल साइड साइकल रूट, स्काइ साइकल, जी जम्प, होमस्टे, जिपलाइन,

प्यारागलाइडिङ्ग, याफ्टिङ्ग, रक क्लाइम्बिङ्ग लगायतका पर्यटन पूर्वाधार विकास गरिनेछ। हिमाली क्षेत्रमा पर्यटन विकासका लागि अपि-सैपाल बेसक्याम्पसम्म स्तरीय पदमार्ग तथा विश्वमगृह निर्माण गरिने।

४६. पर्यटन विकासको माध्यमबाट रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण आर्थिक विकासमा टेवा पुऱ्याउन धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र र राष्ट्रिय तथा प्रादेशिक महत्वका तालतलैयाको संरक्षण र प्रवर्धन गरिनेछ।

४७. वनस्पति र वन्यजन्तुको स्व-स्थानीय र परस्थानीय संरक्षण साथै पारिस्थितिकीय प्रणालीको एकीकृत र समुचित व्यवस्थापन गर्दै पर्या-पर्यटन प्रवर्धन गरिनेछ। कैलालीको अत्तरिया आसपास रूख बिरूवा कम भएको तथा अतिक्रमणको जोखिम रहेको वन क्षेत्रमा संघ सरकारसँगको समन्वयमा प्रदेशस्तरीय चिडियाखाना स्थापनाको क्षेत्र निर्धारण, सीमाङ्कन र गुरूयोजना तयार गरी आगामी आर्थिक वर्षभित्र स्वीकृत गरी कार्य प्रारम्भ गरिनेछ।

४८. आगामी आर्थिक वर्षमा विजयसाल र ब्ल्याक तेन्दु लगायत विभिन्न प्रजातिका न्यूनतम दश लाख बिरूवा उत्पादन, वितरण तथा वृक्षारोपण गरिनेछ। प्रदेशभित्रका खुल्ला नाङ्गा डाँडा तथा अतिक्रमित क्षेत्रमा वृक्षारोपण गरी स्वच्छ पर्यावरणलाई बढावा दिइनेछ।

४९. वन पैदावारलाई आर्थिक विकासको साधनको रूपमा उपयोग गर्न आवश्यक नीतिगत र कानूनी सुधार गरिनेछ। एकीकृत संरक्षण र विकासको अवधारणा बमोजिम वन क्षेत्रको दिगो व्यवस्थापन गरी वन क्षेत्रको उदकत्व र वन पैदावारको उत्पादन वृद्धि गरिनेछ। वन सम्वर्द्धन प्रणालीका सिद्धान्तमा आधारित दिगो वन व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

५०. सामुदायिक वन हस्तान्तरण कार्यलाई व्यवस्थित गर्न तराई, चुरे र महाभारत क्षेत्रमा थप नयाँ सामुदायिक वन हस्तान्तरण गर्नु परेमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग सहमति लिएर मात्र हस्तान्तरण गर्न सकिने व्यवस्था लागु गरिनेछ।

५१. जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको सङ्कलन, खेती बिस्तार, प्रशोधन, व्यावसायीकरण र निर्यात प्रवर्धन गरिनेछ। जडीबुटीको पकेट क्षेत्र पहिचान गरी नर्सरी स्थापना, वृक्षारोपण तथा प्राकृतिक अवस्थामा संरक्षण, जडीबुटी सङ्कलन र बजारीकरण तथा मूल्य अभिवृद्धि शृङ्खलाको कार्यक्रम अगाडि बढाइनेछ। गैरकाष्ठ वन पैदावार प्रशोधन केन्द्र स्थापना गर्न धनगढी उपमहानगरपालिकामा रहेको जडीबुटी प्रशोधन केन्द्रलाई स्थानीय तहसँगको साझेदारीमा सञ्चालनमा ल्याइनेछ।

५२. वन पैदावारको सदुपयोग गरी राजस्व अभिवृद्धि गर्न र प्राप्त हुने लाभको न्योचित बाँडफाँट गर्ने व्यवस्था मिलाइनेछ।

५३. नागरिकको घरकाज र प्राकृतिक प्रकोप पीडितका लागि सहज तथा सुलभ रूपमा काठदाउरा उपलब्ध गराउन गठन हुन बाँकी रहेका जिल्लामा जिल्ला वन पैदावार आपूर्ति समिति गठन तथा सञ्चालन गरिनेछ।

५४. सबै सामुदायिक वन उपभोक्ता समूहमा सुशासन अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्न दोहोरो लेखा प्रणालीमा लेखा राख्ने लगायतका सुधार कार्य कम कार्यान्वयन गरिनेछ।

५५. वनक्षेत्रमा हुनसक्ने अतिक्रमणलाई समयमा रोकथाम गरी विगतमा भएका अतिक्रमणलाई क्रमशः हटाइनेछ। बढ्दो वन अतिक्रमणलाई निरूत्साहित गर्न सम्बद्ध निकायको समन्वयमा संस्थागत संरचना तथा नीतिगत व्यवस्था सहितको प्रदेश वन अतिक्रमण नियन्त्रण रणनीति र प्रदेश वन सुरक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५६. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्नका लागि अन्तर निकाय समन्वयमा संस्थागत विकास कार्यक्रम सञ्चालन गरिनेछ। समस्याग्रस्त वन्यजन्तुको तत्काल उद्धार गर्न साधन सम्पन्न वन्यजन्तु उद्धार टोली गठन गरी परिचालन गरिनेछ।

५७. नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन प्रणाली लागु गरिनेछ। भू-क्षय नियन्त्रण, क्षतिग्रस्त भूमिको पुनःस्थापना, बायो-इञ्जिनियरिङ सहितको तटबन्ध निर्माण, वर्षातको पानीको उपयोग, जलपुनर्भरण, सिमसार व्यवस्थापन जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ। चुरे क्षेत्रको जलवायुजन्य जोखिम न्यूनीकरण, भूमि तथा जलको उपयोग एवम् संरक्षण गरिनेछ।

५८. संरक्षण र विकाससँग सम्बन्धित निकायबिच समन्वय गरी निर्माणोन र निर्माण सम्पन्न आयोजनास्थलमा रहेका रूख व्यवस्थापन गर्न आवश्यक नीतिगत तथा कानूनी सुधार गरिनेछ।

५९. मुख्यमन्त्री शैक्षिक पूर्वाधार विकास तथा गुणस्तर सुधार कार्यक्रम मार्फत प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा स्थानीय माग र आवश्यकता आधारित प्रत्येक स्थानीय तहमा प्रदेशस्तरीय नमुना विद्यालय स्थापना, गुणस्तर सुधार एवम् विद्यालय-उच्च शिक्षा शृंखला स्थापित गरी गुणस्तरीय शैक्षिक जनशक्ति विकास गर्ने लगायतका कार्यक्रम कार्यान्वयन आरम्भ गरिनेछ। विद्यालय शिक्षामा पहुँच, गुणस्तर सुधार,

शैक्षिक पूर्वाधार निर्माण र सिकाइ उपलब्धिको दिगोपनासँग सम्बन्धित कार्यक्रम यसै कार्यक्रमसँग आवद्ध गरी कार्यान्वयन गरिनेछ।

६०. गुणस्तरीय उच्च शिक्षा हासिल जनशक्ति उत्पादन गरी प्रदेशको आर्थिक विकासमा उपयोग गर्न हाल विभिन्न विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालित उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थालाई प्रदेश विश्वविद्यालयमा रूपान्तरण गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

६१. संघ सरकार र स्थानीय तहसँगको साझेदारीमा प्रत्येक स्थानीय तहमा एक-एक वटा बालविकास केन्द्रलाई नमुना बालविकास केन्द्रको रूपमा विकास गरिनेछ। परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयलाई संरक्षण र प्रोत्साहनका लागि अनुदान सहयोग गरिनेछ।

६२. विद्यालय नर्स कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ। बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थाको सुधार गर्न विद्यालय दिवा खाजा कार्यकमलाई विस्तार गरिनेछ।

६३. शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाई केन्द्र स्थापना तथा सञ्चालन गरी शिक्षण सिकाइलाई प्रभावकारी तुल्याउन आवश्यक तयारी गरिनेछ।

६४. अपाङ्गता भएका र सीमान्तकृत वर्गका बालबालिका लक्षित शैक्षिक पूर्वाधार निर्माण तथा प्रोत्साहनमूलक कार्यक्रममार्फत शिक्षालाई सर्वसुलभ एवम् समावेशी बनाइनेछ।

६५. अति सीमान्तकृत वर्गको रूपमा रहेको बादी समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा सहज पहुँचको लागि "बादी उत्थान छात्रवृत्ति कार्यक्रम" कार्यान्वयन गरिनेछ। विपन्न परिवारका छात्रछात्राहरूको प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्न प्राविधिक शिक्षा छात्रवृति प्रदान गरिनेछ।

६६. सीप परीक्षण केन्द्रहरूको सुदृढीकरण गरिनेछ। पूर्व सिकाइको मान्यता प्रणालीद्वारा प्रदेशभित्रका युवाको परम्परागत सीप परीक्षण गरी प्रमाणीकरण गरिनेछ।

६७. गरिब, विपन्न, सहिद तथा बेपत्ता परिवार, अपाङ्ग, महिला, दलित, मुक्त कमैया, कम्लहरी, हलिया र सीमान्तकृत वर्गका छात्रछात्रा तथा जेहन्दार विद्यार्थीलाई उच्च शिक्षा र चिकित्सा शिक्षातर्फको एम.बि.बि.एस. र एम.डी. अध्ययन गर्न छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६८. उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउन सुदूरपश्चिम विश्वविद्यालयलाई अनुसन्धान एवम् नवप्रर्वतन कार्यक्रमका लागि अनुदान उपलब्ध गराइनेछ। उच्च शिक्षामा पहुँच विस्तारसँगै गुणस्तरमा सुधार गर्न सामुदायिक क्याम्पसहरूलाई कार्यसम्पादनका आधारमा अनुदान दिइनेछ।

६९. प्रदेशभित्रका विभिन्न जातजातिको पहिचान, भाषा, धर्म, संस्कार, संस्कृति, कला, साहित्यको उत्थान, संरक्षण र विकास गरिनेछ। प्रदेशभित्र रहेका ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक महत्वका सम्पदाहरूको खोज तथा अन्वेषण गरी अभिलेखीकरण गरिनेछ। प्रदेशस्तरीय संग्रहालय स्थापना र सञ्चालनको सम्भाव्यता अध्ययन गरिनेछ। भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकासमा संलग्न संस्थाको क्षमता विकास गरिनेछ। थारू जातिका बडघर र भलमन्सा प्रथालाई सम्बर्द्धन र व्यवस्थापन गर्न आवश्यक सहयोग गरिनेछ।

७०. "खेलकुदको विकास; विद्यालयदेखि ओलम्पिकसम्म" भन्ने नाराका साथ प्रदेश खेलकुद नीति तर्जुमा गरी खेलकुद क्षेत्रको संस्थागत विकास गरिनेछ। अछाम, बैतडी, कैलाली र कञ्चनपुरमा बहुउद्देश्यीय रंगशाला निर्माण र स्तरोनन्ति गरिनेछ। राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरी पदक प्राप्त गर्ने प्रदेशका खेलाडीलाई विशेष सम्मानसहित प्रोत्साहन गरिनेछ।

७१. विशेषज्ञ तथा विशिष्टीकृत स्वास्थ्य सेवामा पहुँच विस्तार र गुणस्तर वृद्धि गरिनेछ। स्वास्थ्य सेवामा सबैको पहुँचका लागि टेलिमेडिसिन लगायत इ-हेल्थ र विस्तारित स्वास्थ्य सेवाको विकास र विस्तार गरिनेछ।

७२. सिकेलसेल एनिमिया, थालासेमिया, हेमोफिलिया जस्ता रोगहरूको स्क्रिनिङ्गको दायरा बढाइ प्रदेशभित्र नै उपचारको व्यवस्था गरिनेछ।

७३. "मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार तथा पोषण सुरक्षा कार्यक्रम" अन्तर्गत स्वास्थ्य सेवा विस्तार एवम् सुधार र लक्षित वर्गको पोषण सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ। यस अन्तर्गत सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल र टीकापुर अस्पतालमा डायलाइसिस र सघन उपचार (आइ.सि.यु.) सेवा विस्तार गरिनेछ। सेती प्रादेशिक अस्पतालको बेड क्षमता बमोजिम जनशक्ति व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ। सेती प्रादेशिक अस्पतालमा वर्न युनिट सेवा विस्तार गरी आधुनिक निदान पद्धतिमार्फत सेवा प्रदान गरिनेछ। प्रदेश मातहतका अस्पतालहरूमा मुख, आँखा, नाक, कान स्वास्थ्य सम्बन्धी सेवा सुदृढ गरिनेछ। प्रदेशमा कुपोषण न्यूनीकरण गर्न बहुक्षेत्रीय पोषण योजना अन्तर्गत स्वास्थ्य सेवा एवम् पोषण सामग्री वितरण कार्यलाई थप विस्तार गरिनेछ। गर्भवती, सुत्केरी, वृद्धवृद्धा लगायत लक्षित वर्गलाई स्वदेशी कृषि उपज एवम् रैथाने बालीबाट उत्पादित पोषण सामग्रीसहितको किट उपलब्ध गराइनेछ।

७४. प्रदेश मातहत रहेका अस्पतालहरूको स्तरोनन्ति र क्षमता अभिवृद्धि गरिनुका साथै हाल स्थानीय तहबाट सञ्चालित बाजुराको कोल्टी, दार्चुलाको गोकुलेश्वर, डडेल्धुराको जोगबुढा र कैलालीको लम्कीचुहा अस्पताललाई प्रदेशस्तरीय अस्पतालमा स्तरोनन्ति गर्न स्थानीय तहसँग समन्वय र साझेदारी गरिनेछ।

७५. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको थप विकास तथा विस्तार गरिनेछ। प्रादेशिक आयुर्वेद चिकित्सालयमा विशेषज्ञ सेवा सञ्चालन गरिनेछ। साथै, नसर्ने रोग रोकथाम नियन्त्रणका लागि आयुर्वेदका विशिष्टीकृत सेवाहरू पूर्वकर्म, पञ्चकर्म, योग तथा स्वस्थ जीवन सेवा विस्तार गर्न प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरूलाई सुदृढीकरण गरिनेछ। प्रदेशस्तरीय योग तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापनाका लागि प्रारम्भिक अध्ययन गरिनेछ।

७६. महिलाको प्रजनन स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखी मातृ तथा बाल स्वास्थ्य सेवालाई थप सुदृढ बनाइनेछ। पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ खस्ने लगायतका रोगहरूको पहिचानका लागि स्क्रिनिङ्ग क्याम्प सञ्चालन गरिनेछ। सम्बन्धित सरकारी र गैरसरकारी संघसंस्थाको साझेदारीमा जटिल प्रकृतिका रोगको निदान तथा उपचार गर्ने विषेशज्ञसहितको स्वास्थ्य शिविर संचालन गरिनेछ। ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप व्यवस्थित बनाइनेछ।

७७. स्वास्थ्य सुधारयोग्य शारीरिक विकृति भएका बालबालिकाको पहिचान गरी प्रेषण र निःशुल्क उपचारको व्यवस्था गरिनेछ।

७८. ज्येष्ठ नागरिकको सहज जीवनयापनका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ। ज्येष्ठ नागरिक समूह तथा क्लब गठन र दिवा सेवा केन्द्र सञ्चालनमा प्रोत्साहन गरिनेछ। प्रादेशिक अस्पतालबाट ज्येष्ठ नागरिकलाई निमोनिया र इन्फ्ल्युएन्जा विरूद्धको खोप दिने व्यवस्था मिलाइनेछ।

७९. सहयोगापेक्षी सडक मानवमुक्त सुदूरपश्चिम अभियान सञ्चालनमा स्थानीय तह, निजीक्षेत्र र गैरसरकारी संघसंस्थासँग साझेदारी गरिनेछ।

८०. प्रदेशभित्र एम्बुलेन्स सेवालाई डिजिटलाइजेसन गरी अत्यावश्यक सूचना तथा तथ्याङ्क व्यवस्थापनका लागि प्रादेशिक प्रेषण केन्द्रलाई थप व्यवस्थित गरिनेछ।

८१. स्वास्थ्यमा सवैको पहुँचका लागि सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। गरिव र असहाय बिरामीको स्वास्थ्य उपचारमा संसहायता र पहुँचका लागि सामाजिक सुरक्षा इकाइलाई थप व्यवस्थित र सुदृढ गरिनेछ। "स्वास्थ्य

सुरक्षाका लागि बिमा" भन्ने नाराका साथ संघ सरकारसँगको समन्वयमा स्वास्थ्य बिमालाई थप विस्तार तथा प्रभावकारी बनाइनेछ।

८२. मेरो स्वास्थ्यः मेरो जिम्मेवारी नारा सहित नसर्ने, दीर्घ र मानसिक रोगहरूको रोकथाम र नियन्त्रणका लागि संघ सरकार र स्थानीय तहसँगको समन्वयमा नसर्ने रोग सम्बन्धी योजना कार्यान्वयन गरिनेछ।

८३. ग्रामीण क्षेत्रका सीमान्तकृत महिलाको क्षमता अभिवृद्धि गरी जीवनस्तर सुधार गरिनेछ। विपन्न, संकटग्रस्त, वञ्चितीमा परेका महिलाको क्षमता विकास तथा सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन गर्नुका साथै विशेषतः थारू, बादी, राजी, सोनाहाँ, कम्लहरी, मुक्त कमैया र राउटे समुदायका महिला तथा किशोरीका लागि लक्षित आर्थिक तथा सामाजिक कार्यक्रम सञ्चालन गरिनेछ।

८४. बालबालिका तथा किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गरिनेछ। बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। विशेष संरक्षणको आवश्यकता भएका र हिंसा तथा जोखिममा परेका बालबालिकाको लागि आपत्कालीन कोष स्थापना गरिनेछ।

८५. बौद्धिक अशक्तता तथा अटिज्म भएका व्यक्तिहरूका लागि गैर सरकारी संघसंस्था तथा निजी क्षेत्रसँगको साझेदारीमा शारीरिक अशक्तता पुनःस्थापना केन्द्रहरूको स्थापना र विस्तार गरी विशेषज्ञ सेवा प्रदान गरिनेछ।

८६. प्रभावकारी रोजगार व्यवस्थापनका लागि संघ र स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ। श्रमिकहरूको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य मापदण्डको अवलम्बन गरी कार्यस्थललाई सुरक्षित बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

८७. वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको तथ्याङ्क सङ्कलन गरी उनीहरूले सिकेको ज्ञान र सीप अनुसार व्यवसाय गर्न वित्तीय पहुँचसहितका कार्यक्रमहरू संचालन गरिनेछ। त्यस्ता श्रमिकहरूको सीप प्रमाणीकरण गरी उनीहरूलाई व्यावसायिक तालिम प्रशिक्षकका रूपमा आवश्यकतानुसार उपयोग गरिनेछ।

८८. निजी क्षेत्र तथा सहकारी क्षेत्र समेतको सहकार्यमा प्रदेशभित्रै रोजगारीका अवसर वृद्धि गर्नुको साथै श्रमलाई मर्यादित बनाइनेछ। सम्पूर्ण श्रमिकहरूलाई पञ्जिकृत गरी सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। सबै प्रकारका बालश्रमको अन्त्य गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ।

८९. सडकको योजनावद्ध विकास गरी यातायात सेवालाई गुणस्तरीय, सुरक्षित, मितव्ययी र सर्वसुलभ बनाउन मापदण्ड सहितको प्रादेशिक सडक गुरूयोजना तर्जुमा गरी प्राथमिकताका आधारमा आयोजना कार्यान्वयन गरिनेछ।

९०. भौतिक पूर्वाधार विकासमा गरिने लगानीलाई उत्पादनशील तुल्याइनेछ। आर्थिक सामाजिक प्रतिफल सुनिश्चित हुने र क्षेत्रगत विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने आयोजना छनोट र प्राथमिकीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

९१. सडक पूर्वाधार निर्माण कार्यमा संघ सरकार, विकास साझेदार एवम् स्थानीय तहको समन्वय र सहकार्यमा सडक सञ्जाल विकास गरिनेछ। आगामी पाँच वर्षभित्र सबै स्थानीय तहका केन्द्रमा पुग्ने सडक सञ्जाल विस्तार गरिनेछ। सर्वयाम यातायात सञ्चालन हुने गरी रणनीतिक महत्वका सडकहरूमा सडक पुल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। सडक सञ्जाल नपुगेका दुर्गम एवम् ग्रामीण क्षेत्रमा आधारभूत सेवामा सहज पहुँच एवम् सुरक्षित बनाउन झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

९२. प्रदेश गौरव एवम् रणनीतिक महत्वका आयोजनाहरूको निर्माण कार्यलाई निर्धारित समय तथा लागत भित्र सम्पन्न गर्न अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ।

९३. सडक दुर्घटना न्यूनीकरणका लागि आवश्यक नीति तथा सडक सुरक्षा योजना तर्जुमा गरी उपयुक्त प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिनेछ।

९४. सडक क्षेत्रमा वृक्षारोपण, बायो-इन्जिनियरिङ्ग तथा वातावरणीय सौन्दर्याकरण कार्यलाई विशेष प्राथमिकता दिइनेछ।

९५. गोदावरी-अत्तरिया-धनगढी चौराहा सडक खण्डमा मोनोरेल सेवाको सम्भाव्यता अध्ययन गरी सार्वजनिक निजी साझेदारीमा अगाडि बढाइनेछ।

९६. स्थानीय तहसँगको सहकार्य एवम् समन्वयमा सडक, सिंचाइ, खानेपानी लगायतका सम्पन्न भौतिक संरचनाको दिगो सञ्चालन, संरक्षण एवम् मर्मतसम्भार गर्न नीतिगत व्यवस्था गरिनेछ।

९७. हाम्रो जलभण्डार, समृद्धिको आधार भन्ने नारासहित प्रदेशको विकास र समृद्धिका लागि जलस्रोतको बह-उपयोगितालाई प्रवर्धन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। प्रदेशभित्र छिट्टै प्रतिफल दिने जलविद्युत उत्पादनका लागि सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न नीतिगत व्यवस्था गरी निर्माण कार्य अगाडि बढाइनेछ।

९८. केन्द्रीय प्रसारण लाइन नपुगेका उज्यालोबाट वचित ग्रामीण तथा दुर्गम क्षेत्रका बस्तीमा स्थानीय तहसँगको सहकार्यमा वैकल्पिक एवम् नवीकरणीय ऊर्जा सम्बन्धी कार्यक्रम सचालन गरिनेछ। सामुदायिक विद्यालय, स्वास्थ्य संस्था तथा पर्यटकीय स्थानमा सौर्य ऊर्जा लगायत अन्य वैकल्पिक ऊर्जाको व्यवस्था मिलाइनेछ।

९९. कृषिमा आत्मनिर्भरता बढाउन प्रादेशिक सिंचाइ गुरूयोजना तयार गरी कार्यान्वयन गरिनेछ। कृषियोग्य सुख्खा टारलगायत खेतीयोग्य जमिनको उत्पादकत्व बढाउन बाह्रै महिना सिंचाइ सुविधा हुने गरी सिंचाइ प्रणालीको विकास कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ। सिंचाइ सुविधा पुगेको क्षेत्रमा सञ्चालित सिंचाइ प्रणालीको मर्मतसम्भार तथा सुधारको कार्यक्रम विस्तार गरिनेछ।

१००. विषयगत मन्त्रालयको समन्वयमा जग्गा चक्लाबन्दी र खेती चक्लाबन्दीका आधारमा व्यावसायिक कृषि सञ्चालन हुने क्षेत्रमा प्राथमिकता दिई सिंचाइ लगायत अन्य आवश्यक पूर्वाधार निर्माण गरिनेछ। सिंचाइ प्रणालीको निर्माण तथा व्यवस्थापनमा सहकारी, सामुदायिक तथा निजी क्षेत्रलाई सहभागी गराइनेछ।

१०१. जलउत्पन्न प्रकोप व्यवस्थापनका लागि नदी नियन्त्रण तथा व्यवस्थापनको उपयुक्त प्रविधि प्रयोग गरिनेछ। जमिन उकास हुने गरी पथरैया, डोदा, चरेला, शिवगंगा, घुराहा, घुरही, काँडा, कान्द्रा, बनारा, चौधर र मछेली नदीमा नदी नियन्त्रण, सिंचाइ, खानेपानी सुधारसहितको एकीकृत पूर्वाधार निर्माण तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१०२. बाढी तथा पहिरोबाट जोखिमयुक्त बस्ती, सार्वजनिक संस्था तथा खेतीयोग्य जमिन संरक्षण गर्न जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिइनेछ। वर्षातको समयमा तराई क्षेत्रको बस्तीमा हुने डुबान समस्याको दीर्घकालीन समाधानको लागि अध्ययन, अनुसन्धान कार्यलाई अगाडि बढाइनेछ।

१०३. महाकाली, कर्णाली र सेती नदीमा रिभर बिच-पार्क तथा जल यातायातको सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरी सार्वजनिक निजी साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

१०४. सबैलाई आधारभूत स्तरको खानेपानी सेवामा पहुँच सुनिश्चित गर्न एक घर, एक धारा कार्यक्रम" सञ्चालन गरिनेछ। भूमिगत जलसतह तथा पानीका सतही स्रोतहरू घट्दै गइरहेका क्षेत्र, खानेपानी सेवाबाट वञ्चित तथा विपन्न बस्तीहरूमा खानेपानी आपूर्तिको विशेष व्यवस्था गरिनेछ।

१०५. संघ र स्थानीय तहको समन्वय तथा सहकार्यमा खानेपानी, सरसफाइ तथा स्वच्छता गुरूयोजना तयार गरी कार्यान्वयन गरिनेछ।

१०६. मध्यम तथा उच्चस्तरको खानेपानी सेवाको स्तरवृद्धि गर्न समुदायमा आधारित खानेपानी आयोजना, सामुदायिक विद्यालय एवम् स्वास्थ्य संस्थामा विशेष प्राथमिकता दिई गुणस्तर सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

१०७. स्थानीय तह र अन्य सरोकारवाला संघसंस्थासँगको समन्वय तथा साझेदारीमा फोहरमैला व्यवस्थापन र प्रशोधन सम्बन्धी कार्यक्रम अगाडि बढाइनेछ।

१०८. प्रदेश प्रमुख एकीकृत बस्ती विकास परियोजना" कार्यान्वयनमा ल्याइनेछ। यस अन्तर्गत हिमाली तथा पहाडी जिल्लाबाट हुने बसाइसराइलाई न्यूनीकरण गर्न सहरोन्मुख गाउँको गुरूयोजना तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ। तराई क्षेत्रका बस्तीलाई एकीकृत पूर्वाधार विकासको अवधारणा अनुरूप नमुना गाउँको रूपमा विकास गरी अति विपन्न र सीमान्तकृत वर्गका लागि आवास कार्यक्रम सञ्चालन गरिनेछ।

१०९. प्रदेश राजधानी निर्माणको उपयुक्त मोडेल पहिचानसहित गुरूयोजना तर्जुमा गरी निर्माण कार्य अगाडि बढाइनेछ। प्रदेश मन्त्रालय एवम् निकायहरूको भौतिक संरचनात्मक सुधार अन्तर्गत भवन निर्माण तथा मर्मत सम्भार गरिनेछ। प्रदेशस्तरीय सरकारी भवन डिजाइन तथा निर्माण गर्दा एकद्वार नीति अवलम्बन गरिनेछ। राष्ट्रिय भवन संहिताको कार्यान्वयनमा जोड दिइनेछ।

११०. प्रदेश यातायात तथा सवारी व्यवस्थापन सम्बन्धी नियमावली, कार्यविधि वा निर्देशिका र मापदण्ड तर्जुमा गरी सार्वजनिक यातायात सेवालाई सर्वसुलभ, पहुँचयोग्य, सुरक्षित, भरपर्दो र नयाँ प्रविधियुक्त बनाइ सञ्चालन गरिनेछ।

१११. सवारी साधन र चालक अनुमतिपत्र सम्बन्धी अभिलेखको डिजिटाइजेसन र आर्काइभिङ गरिनेछ। यातायात व्यवस्थालाई सूचना प्रविधिमैत्री बनाइ चालक अनुमतिपत्र, सवारी साधन दर्ता, नवीकरण र राजश्व भुक्तानी लगायतका सेवाहरू अनलाइन प्रणालीबाट सञ्चालन गरिनेछ। प्रदेश सार्वजनिक यातायातको भाडादर स्वचालित प्रणाली बमोजिम समायोजन गर्ने व्यवस्था मिलाइँछ।

११२. विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न सम्भाव्य स्थानमा निजी क्षेत्रको सहकार्यमा विद्युतीय चार्जिङ स्टेसन सहितको एकीकृत स्मार्ट रिफ्रेसमेन्ट एण्ड ट्रान्सफर सेन्टरको सम्भाव्यता अध्ययन गरी निर्माण गरिनेछ।

११३. प्रदेश प्रहरी समायोजन तथा गठन कार्यलाई शीघ्रता दिन संघ सरकारसँग विशेष पहल गरिनेछ। शान्ति सुरक्षा तथा विपद् जोखिम न्यूनीकरण गर्न सुरक्षा निकायको क्षमता अभिवृद्धि गरी कार्यसम्पादन प्रभावकारी तुल्याइनेछ। प्रदेशले प्रदान गर्दै आएको

भौतिक तथा वित्तीय सहयोगलाई निरन्तरता दिइनेछ। प्रदेशस्थित सुरक्षा निकायबाट प्राप्त सूचनाहरूलाई व्यवस्थित गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सूचना समन्वय कक्षको स्थापना गरिनेछ।

११४. कारागारलाई सुधारगृहको रूपमा विकास गरिनेछ। संघ सरकारसँगको समन्वयमा प्रादेशिक कारागार स्थापना गर्ने प्रक्रिया आरम्भ गरिनेछ। प्रदेशस्थित कारागारहरूमा विद्यमान रहेका भौतिक पूर्वाधार र आधारभूत सुविधा स्तरोनन्ति गरी आय आर्जनका लागि सीप तथा उद्यम विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै, कारागारमा खेलकुद सामग्री वितरण, ध्यान योग, संगीत जस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

११५. विपद् जोखिम न्यूनीकरणलाई क्षेत्रगत विकास नीति र कार्यक्रममा मूल प्रवाहीकरण गरिनेछ। "विपद् पूर्व तयारी; हाम्रो जिम्मेवारी" नाराका साथ विपद् जोखिमबाट सुरक्षित तथा उत्थानशील प्रदेश निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

११६. विपद्बाट प्रभावित हुने क्षेत्र र समुदायमा तत्काल सूचना प्रवाह गर्ने व्यवस्था मिलाउन विपद्सम्बन्धी एकीकृत पूर्वसूचना प्रणालीको विकास गरिनेछ। साथै, स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र र जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ। स्थानीय तहसँगको साझेदारीमा बहुउपयोगी सेल्टर हाउस निर्माण प्रक्रिया अघि बढाइनेछ।

११७. "युवाहरूको जिम्मेवारी; लागु औषध विरूद्ध खबरदारी" भन्ने नारालाई सार्थक तुल्याउन लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरूयोजना बमोजिम संघ सरकार, स्थानीय तह, निजी क्षेत्र र गैरसरकारी संघसंस्थाको समन्वयमा लागु औषध रोकथाम तथा नियन्त्रण अभियान सञ्चालन गरिनेछ। लागु औषध प्रयोगकर्ताहरूको लागि प्रदेशस्तरीय पुनःस्थापना केन्द्र स्थापना गरिनेछ।

११८. मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धनका लागि नेपाल सरकारबाट स्वीकृत मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ। प्रदेशमा मौलिक हक तथा मानव अधिकारको कार्यान्वयन अवस्था सम्बन्धी अध्ययन गरी मानव अधिकार प्रोफाइल तयार गरिनेछ। समन्वय, सहकार्य र सहकारिता, संविधान कार्यान्वयनको प्रभावकारिताको सिद्धान्त अनुसार संविधानमा रहेका अधिकार सूची तथा कार्यविस्तृतीकरण र प्रदेशमा बनेका कानूनहरूको विश्लेषण गरी तर्जुमा तथा संशोधन गर्नुपर्ने कानूनको प्राथमिकीकरण कार्ययोजना बनाइ कानून तर्जुमा प्रक्रियालाई व्यवस्थित गरिनेछ।

११९. समाजमा रहेका छुवाछुत तथा भेदभाव, सामाजिक कुरीति, यौन तथा घरेलु हिंसा, मानव वेचबिखन, मानव अधिकार हनन र विद्युतीय अपराध विरूद्ध सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२०. आमसञ्चार र पत्रकारिता क्षेत्रको विकास एवम् संस्थागत क्षमता अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्रदेशको आमसंचार क्षेत्रलाई प्रवर्धन गर्न प्रदेशका विविध गतिविधि तथा असल अभ्यास उत्पादन तथा प्रसारण गरी नागरिक समक्ष पुऱ्याउने व्यवस्था मिलाइनेछ।

१२१. प्रदेश सभा, विषयगत समिति र सचिवालयका लागि आवश्यक भौतिक पूर्वाधार विकास गरिनेछ। प्रदेश सभाको विधायिकी भूमिकालाई थप प्रभावकारी तुल्याउन अन्तर प्रदेश सिकाइ तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

१२२. नैतिकवान सार्वजनिक व्यवहार प्रदर्शन गर्दै स्वच्छ मूल्य मान्यता र सदाचार सुदृढ गर्ने दिशामा प्रदेश सरकार कृयाशील रहनेछ। प्रदेशका सबै निकायमा पारदर्शिता, जवाफदेहिता र निष्पक्षता कायम गर्दै प्रभावकारी सेवा प्रवाह र सुशासन कायम गरिनेछ।

१२३. कर्मचारी उत्प्रेरणा, असल कार्य वातावरण निर्माण र संस्थागत सुशासनलाई थप सबल एवम् सुदृढ बनाइनेछ। प्रदेश निजामती सेवाको गठन तथा सञ्चालन सम्बन्धी कानूनलाई समसामयिक परिमार्जन गरी प्रदेशमा समायोजन भई कार्यरत कर्मचारीको पदोन्नति लगायत वृत्ति विकास सुनिश्चित गरिनेछ।

१२४. सुशासन प्रवर्धन गर्न सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिनुका साथै भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीतिलाई कडाइका साथ लागु गर्न भ्रष्टाचार न्यूनीकरण कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। हेलो सि.एम. कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२५. प्रदेश लोक सेवा आयोगको लागि जग्गा प्राप्ति एवम् भवन निर्माण कार्य अगाडि बढाइनेछ। प्रदेश निजामती सेवा र स्थानीय सेवाका रिक्त पदमा पदपूर्ति कार्यलाई प्रभावकारी बनाउन आयोगलाई स्रोतसाधन सम्पन्न बनाइनेछ।

१२६. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संस्थागत सुदृढीकरण गरी अध्ययन, अनुसन्धान एवम् प्रशिक्षण कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

१२७. प्रदेशमा कार्यरत कर्मचारीका लागि सेवा प्रवेश तालिम, सेवाकालीन तालिम र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाइनेछ।

१२८. निजामती कर्मचारी आवासीय विद्यालयमा दक्ष शिक्षकको व्यवस्था एवम् उपयुक्त एवम् उपयुक्त शिक्षण सिकाइ वातावरण तयार गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२९. राष्ट्रिय किताबखाना (निजामती) सँग आवश्यक समन्वय र सहकार्य गरी प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीको अभिलेख व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१३०. प्रदेश सरकारका नीति तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी तुल्याउन अनुगमन प्रणाली सुदृढ गरिनेछ। विकास निर्माण एवम् सेवा प्रवाहको एकीकृत विद्युतीय अभिलेखीकरण एवम् विद्युतीय अनुगमन प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

२.२ बजेटका सिद्धान्त तथा प्राथमिकता

२.२.१ बजेटका सिद्धान्त

१. **उत्पादन र उत्पादकत्व वृद्धिः** उत्पादनमुलक क्षेत्रमा सरकारी, निजि र सहकारी क्षेत्रको सहलगानी वृद्धि गरी उत्पादनमुखी अर्थतन्त्रको आधार निर्माण मार्फत समृद्ध प्रदेश निर्माण गर्ने तर्फ बजेट केन्द्रित हुनेछ। आन्तरिक राजस्व परिचालनलाई प्रभाकारी बनाइने छ। कृषि तथा पर्यटन व्यवसायलाई प्रवर्द्धन गरिनेछ। उत्पादनमुलक उद्योग स्थापना र संचालनमा स्वदेशी तथा विदेशी लगानी परिचालन गरी रोजगारीका अवसर सृजना गरिनेछ।

२. **सामाजिक क्षेत्रको विकास र सांस्कृतिक रूपान्तरणः** गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी र आवास जस्ता नागरिकका आधारभूत आवश्कताको सुनिश्चितता गराउने नीति लिईनेछ। सबै वर्ग, क्षेत्र र समुदायको समन्यायिक पहुँच हुनेगरी विकास प्रतिफल वितरणको व्यवस्था गरिनेछ। व्यवस्थित बसाइसराई र सहरीकरण मार्फत एकीकृत वस्ती विकासलाई जोड दिइनेछ। विकासको मूलप्रवाहमा पछाडी परेका वर्ग, लिंग, क्षेत्र, जातजाति र समुदायका साथै अपाङ्गता भएका नागरिकको सशक्तीकरण र समावेशी विकासतर्फ बजेट केन्द्रित हुनेछ। लोक भाषा, संस्कृति, कला, साहित्यको प्रवर्द्धनमा युवा परिचालनको नीति लिईनेछ।

३. **गुणस्तरीय र दिगो पूर्वाधार विकासः** दिगो, उत्थानसिल र लागतप्रभावी भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ। भौतिक संरचनाको एकीकृत उपयोगको नीति लिईनेछ। सडक, सिंचाई, पुल, खानेपानी जस्ता ठूला भौतिक संरचनाको गुणस्तर तथा सुरक्षा परिक्षण गर्ने प्रवन्ध मिलाइनेछ।

४. **शुसासन र सेवा प्रवाहमा सुधारः** प्रदेशबाट प्रवाह हुने सार्वजनिक सेवाको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न प्रदेश सरकारको संयन्त्रको क्षमता अभिवृद्धि गरिनेछ। प्रदेश सरकारका कामकारवाहीलाई पारदर्शी, जवाफदेही, उत्तरदायी र सहभागीतात्मक बनाइनेछ। सार्वजनिक खर्चमा मितव्ययिताको नीति अवलम्बन गरिनेछ। सार्वजनिक निकायमा वित्तीय अनुशासन, सदाचार, निष्पक्षता र स्वच्छता प्रवर्धन गरिनेछ। सेवा प्रवाहलाई नागरिक मैत्री र सूचना प्रविधिमा आधारित बनाई सार्वजनिक सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गरिनेछ।

२.२.२ बजेटका प्राथमिकता

५. कृषिजन्य उत्पादन वृद्धि तथा पशुपन्छी क्षेत्रको विकासमा जोड दिइनेछ। यसका लागि कृषि तथा पशुपन्छी क्षेत्रको व्यवसायीकरण र बजारीकरण प्रवर्द्धन गर्दै कृषि पूर्वाधार विकास, प्राविधिक सहायता, बिउविजन, मलखाद, नक्षसुधार, पशु स्वास्थ्य, कृषि तथा पशुपन्छी बिमा र कृषि प्रसार लगायतका सेवालाई थप प्रभावकारी बनाईने छ। रैथाने बालि र प्रांगारिक तथा जैविक प्रविधिमा आधारित खेति प्रणालीलाई प्रोत्साहन गरिनेछ। कृषि उपजको भण्डारण र बजारीकरण प्रवर्धन गरी आपूर्ति प्रणालीलाई प्रभावकारी बनाइने छ।

६. प्रदेशको अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान अभिवृद्धि हुने गरी निजी क्षेत्र समेतको सहभागितामा पर्यटकीय पूर्वाधार विकास, प्रदेश भित्रका प्राकृतिक, धार्मिक, आध्यात्मिक, साँस्कृतिक स्थलहरूको संरक्षण तथा सम्बर्द्धन र नयाँ पर्यटकीय गन्तब्य पहिचान गरिनेछ। जडीबुटी उत्पादन र बनपैदावारको बहुउपयोगबाट आर्थिक क्रियाकलापमा वृद्धि गर्दै वन तथा वातावरणमैत्री हरित विकासको अवधारणा अवलम्बन गरिनेछ।जलवायु परिवर्तन, प्राकृतिक प्रकोप व्यवस्थापन र बन सम्पदाको संरक्षण गरिनेछ।

७. शिक्षालाई उत्पादनमूलक, अनुसन्धानमूलक र नवप्रवर्तनमा आधारित बनाई व्यावहारिक र जीवनोपयोगी बनाइने छ। शैक्षिक गुणस्तर, प्राविधिक शिक्षा र सिकाई उपलब्धि वृद्धिमा जोड दिइनेछ। शैक्षिक अवसरबाट बन्चितीमा रहेका वर्ग, लिंग र समुदायको पहुँच

बढाईने छ। सीपमूलक कार्यक्रम संचालन गरी लक्षित कार्यक्रमलाई रोजगारीसँग आवद्ध गरिनेछ।

८. आधारभुत स्वास्थ्य सेवामा सरल र सहज पहुँच विस्तार गरिनेछ। विशिष्टीकृत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ। स्वास्थ्य पूर्वाधार, उपकरण र जनशक्ति विकासमा जोड दिइनेछ। वैकल्पिक चिकित्सा पद्दतिलाई जोड दिइनेछ। महामारी व्यवस्थापन, पुर्वतयारी तथा प्रतिकार्यका लागि स्वास्थ्य प्रणालीको सुदृढीकरण तथा क्षमता विकास गरिनेछ।

९. स्थानीय भाषा, कला, साहित्य र संस्कृतिको अध्ययन अनुसन्धान र प्रवर्द्धनमा युवा परिचालन गरी सामाजिक सांस्कृतिक रूपान्तरणमा टेवा पुग्ने कार्यक्रम संचालन गरिनेछ। खेलकुद पूर्वाधारको विकास गरी युवाहरूको लागि व्यावसायिक खेलकुदका अवसरहरू सृजना गरिनेछ।

१०. बालश्रमको निषेध र न्यूनीकरण गरिनेछ। सशक्तिकरण र मूलप्रवाहीकरणलाई जोड दिई महिला, अल्पसंख्यक र बन्चितीमा रहेका वर्ग, समुदाय र क्षेत्रका नागरिकहरूलाई विकासमा सहभागी गराइनेछ। स्रोत र साधनमा महिलाहरूको पहुँच, स्वामित्व र नियन्त्रण बढाउने कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ।

११. प्रदेशभित्र सडक, पुल, सिंचाई, ऊर्जा, खानेपानी तथा सरसफाई र सहरी विकासका क्षेत्रमा ठूला र रणनीतिक पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिइनेछ। प्रदेश गौरवका आयोजना समयमै सम्पन्न गर्ने गरी रकमको विनियोजन गरिनेछ। पूर्वाधार विकासको गुणस्तर मापदण्ड बनाई नियमनकारी व्यवस्थालाई प्रभावकारी बनाइनेछ। विपन्न, आवासविहिन एवम् विपदको उच्च जोखिममा रहेकाहरूको लागि व्यवस्थित आवासको व्यवस्था गरिनेछ।

१२. प्रदेश गौरवका आयोजना, बहुवर्षीय आयोजना, क्रमागत र अधुरा आयोजनाको लागि आगामी आर्थिक वर्षमा बजेट सुनिश्चित गरिनेछ। प्रदेश सरकारद्वारा निर्माण भई र सञ्चालनमा रहेका सडक, पुल, भवन जस्ता भौतिक सम्पत्तिको नियमित मर्मत सम्भारका लागि आवश्यक स्रोत व्यवस्थापन गरिनेछ।

१३. दुर्गम ग्रामिण वस्तीहरूबाट बसाइसराइ गरी जाने समस्याको निराकरणका लागि यस्ता वस्तीहरूलाई आधुनिकीकरण गर्न पूर्वाधार तथा सामाजिक सेवाका कार्यक्रमहरू एकीकृत रूपमा संचालन गर्न मुख्यमन्त्री सघन ग्रामिण विकास परियोजना कार्यक्रमको सुरूवात गरिनेछ।

१४. प्रादेशिक नीति तर्जुमा र कार्यान्वयनका साथै सेवा सार्वजनिक सेवा प्रवाहलाई जवाफदेही एवम् पारदर्शी बनाउन शासकीय संयन्त्रको क्षमता विकासमा जोड दिइनेछ। सार्वजनिक

सेवामा नागरिकको पहुँच र गुणस्तर बढाइनेछ। सुशासन, सदाचार, वित्तीय अनुशासन र जवाफदेहिता प्रवर्धन गरिनेछ। कर तथा गैरकरको क्षेत्रको दायरा विस्तार गर्नुका साथै सूचना प्रविधिको उपयोग मार्फत प्रशासनिक क्षमता विकास गरिनेछ। मानव अधिकार र विधिको शासनलाई जोड दिइनेछ।

परिच्छेद — ३

वित्तीय अवस्थाको विश्लेषण

३.१ प्रदेश आर्थिक कार्यप्रणाली र अवस्था

नेपालको संविधानको भाग १६ (धारा २०३ देखि २१३) मा प्रदेश आर्थिक कार्यप्रणालीको व्यवस्था गरिएको छ। संविधानतः प्रदेश सरकारलाई कानून बमोजिम प्रदेश भित्रको कर प्रणाली, ऋण व्यवस्थापन, सञ्चित कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, खर्च व्यवस्थापन, विभिन्न कोषहरूको सञ्चालन गर्ने लगायतको क्षेत्राधिकार रहेको छ। ती क्षेत्रहरूको विषयमा देहायमा छुट्टाछुट्टै उल्लेख गरिएको छ।

३.२ प्रदेश सञ्चित कोष

आर्थिक वर्ष २०८०/८१ मा रू. २९ अर्ब २६ करोड ५९ लाख ३२ हजार कूल विनियोजन गरिएको र सो विनियोजनका लागि आन्तरिक राजस्वबाट रू. १ अर्ब ५० करोड, संघीय सरकारबाट प्राप्त हुने अनुदानबाट रू. १४ अर्ब ४२ करोड १९ लाख, बाँडफाँट भई प्राप्त हुने राजस्वबाट रू. ९ अर्ब ४१ करोड १७ लाख, रोयल्टीवापत प्राप्त हुने रू. ६ करोड ५६ लाख ८ हजार र आर्थिक वर्ष २०७९/८० को नगद मौज्दातबाट रू. ३ अर्ब ८६ करोड ६७ लाख २४ हजार स्रोत परिचालन गर्ने लक्ष्य राखिएको थियो। समीक्षा अवधिमा संघीय सरकारबाट प्राप्त हुने अनुदानतर्फ रू. १० अर्ब २४ करोड ८० लाख ५९ हजार, राजस्व बाँडफाँटबाट रू. ७ अर्ब ९८ करोड ४ लाख ४ हजार, आन्तरिक राजस्व संकलनबाट रू. १ अर्ब २६ करोड ५९ लाख ५७ हजार, रोयल्टीबाट रू. ३ करोड २४ लाख ६९ हजार र गत आर्थिक वर्षको नगद मौज्दात रू. ४ अर्ब ५६ करोड १ लाख ९१ हजार गरी जम्मा रू. २४ अर्ब ८ करोड ७० लाख ८० हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको छ। गत आर्थिक वर्षको अन्त्यसम्ममा रू. १८ अर्ब ५१ करोड ३५ लाख ७७ हजार खर्च भएको थियो।

३.३ प्रदेश आन्तरिक ऋण

प्रदेश सरकारले हालसम्म आन्तरिक ऋण लिएको छैन।

३.४ प्रदेश वित्तीय क्षेत्र व्यवस्थापन

नेपालको संविधानको अनुसूची-६ मा नेपाल राष्ट्र बैंकको नीति अनुरूप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा बैदेशिक अनुदान र सहयोगलाई प्रदेश सरकारको एकल अधिकार सूचीमा राखिएको छ। त्यसैगरी सहकारी क्षेत्रलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा तथा सहकारी संस्थालाई स्थानीय तहको एकल अधिकारको सूचीमा र तीनै तहको साझा अधिकारको सूचीमा समेत राखिएको छ। भूमि

व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत सहकारी रजिष्ट्रारको कार्यालय स्थापना भएको छ।

सहकारी रजिष्ट्रारको कार्यालयबाट अद्यावधिक विवरण अनुसार गत आर्थिक वर्ष २०८०/८१ सम्म प्रदेश सरकारको क्षेत्राधिकारभित्र रही CoPoMIS मा प्रविष्ट भएका सहकारीको संख्या ३०८ रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा २ वटा नयाँ सहकारी संस्था दर्ता भएको तथ्याङ्क CoPoMIS मा देखिएको छ। प्रदेशको कार्यक्षेत्रभित्र रहेका ३८१ सहकारी संस्थामा कूल शेयर सदस्य संख्या १ लाख ९५ हजार ९ सय ३४ रहेका छन। कुल सदस्यमध्ये ९७ हजार ४ सय ९७ जना महिला र ९८ हजार ४ सय ३७ जना पुरूष रहेका छन्। यस प्रदेशको क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाको जम्मा निक्षेप रू. ३ अर्ब ६ करोड ८१ लाख ८८ हजार रहेको छ। उल्लेखित सबै सहकारीवाट हालसम्म रू. ४ अर्ब ७५ करोड ८४ लाख ६३ हजार विभिन्न क्षेत्रमा लगानी भएको छ।गत आर्थिक वर्षसम्म प्रदेशभित्र रहेका सहकारीको विवरण देहाएको तालिकामा देखाइएको छ।

तालिका १ प्रदेशमा रहेका सहकारीहरूको विवरण

सहकारीको किसिम	प्रदेश संघ	कैलाली	कञ्चनपुर	डडेल्धुरा	बैतडी	दार्चुला	बझाङ	डोटी	अछाम	बाजुरा	जम्मा
बचत तथा ऋण	१	२५	१९	७	१७	१७	१२	५	१८	१५	१३६
बहुउद्देशीय	०	३५	३९	८	४	३	४	५	१४	७	११८
कृषि	१	२६	२१	४	१०	३	२	०	९	८	७५
ग्रामिण विद्युत	०	९	७	०	२	०	०	०	०	०	१८
दूग्ध	०	५	४	१	०	०	०	०	०	०	१०
श्रमिक	०	०	०	०	०	१	०	०	०	०	१
स्वास्थ्य	०	०	१	२	०	०	०	०	०	१	४
जडिबुटी	०	०	०	२	१	०	०	०	०	०	३
सचार	०	१	०	१	०	०	०	०	०	२	४
उपभोक्ता	०	१	५	०	०	०	०	०	१	०	७
मौरीपालन	०	१	०	०	०	०	०	०	०	०	१
वातावरण	०	१	०	०	०	०	०	०	०	०	१
सु प थोक उपभोक्ता विशिष्टकृत	१	०	०	०	०	०	०	०	०	०	१
जम्मा	**३**	**१०४**	**९६**	**२५**	**३४**	**२४**	**१८**	**१०**	**३४**	**३३**	**३८१**

स्रोतः भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

परिच्छेद - ४

वार्षिक विनियोजन तथा खर्चको विश्लेषण

४.१ वार्षिक अनुमान र प्राप्ति

प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० र गत आर्थिक वर्ष २०८०/८१ को स्रोतगत आय अनुमान र यथार्थ प्राप्ति देहाय बमोजिम रहेको छ।

तालिका २ स्रोतगत आय अनुमान र यथार्थ प्राप्तिको तुलना

रकम (रू. हजारमा)

क्र.सं.	स्रोत	आ.व. २०७९/८०			आ.व. २०८०/८१		
		अनुमान	प्राप्ति	प्राप्ति प्रतिशत	अनुमान	प्राप्ति	प्राप्ति प्रतिशत
१	आन्तरिक राजस्व	२००००००	१३६५४५३	६८.२७	१५०००००	१२५१६७३	८३.४४
२	राजस्व बाँडफाँट	९६०५१००	७९७६०६२	८३.०४	९४११७००	७३६४७३२	७८.२५
३	रोयल्टी	४९३२८	४०२२२	८१.५४	६५६०८	३२४६९	४९.४९
४	नगद मौज्दात	७५३३७३७	७४६७२५६	९९.१२	३८६६७२४	४५६०१९१	११७.९३
प्रदेश स्रोत जम्मा (क)		**१९१८८१६५**	**१६८४८९९३**	**८७.८१**	**१४८४४०३२**	**१३२०९०६५**	**८८.९९**
५	समानीकरण अनुदान	९००७५००	७८८१५६३	८७.५	८५२०३००	६३१४३९२	७४.११
६	ससर्त अनुदान	६९८८०००	३१५९३४६	४५.२१	४५११६००	२५३५१८२	५६.१९
७	विशेष अनुदान	७९७८००	१७१९०१	२१.५५	६२००००	१८११२७	२९.२१
८	समपूरक अनुदान	७६५०००	५६१४८२	७३.४	७७०००००	६१८८५२	८०.३७
संघ अनुदान जम्मा (ख)		**१७५५८३००**	**११७७४२९२**	६७.०६	**१४४२१९००**	**९६४९५५३**	**६६.९१**
कूल जम्मा (क)+(ख)		**३६७४६४६५**	**२८६२३२८५**	**७७.८९**	**२९२६५९३२**	**२२८५८६१८**	**७८.११**

४.२ वार्षिक बजेट विनियोजन र खर्चको विवरण

आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिम प्रदेश सरकारबाट विनियोजन गरिएको सुरू विनियोजन र समिक्षा अवधिमा भएको खर्चको विवरण निम्नानुसार तालिकामा उल्लेख गरिएको छ।

तालिका ३ बार्षिक बजेट विनियोजन र खर्च

				रकम (रू. हजारमा)
सि.नं	**शीर्षक**	**विनियोजन**	**खर्च**	**खर्च प्रतिशत**
१	चालु	९५९६००२	६०३१०८१	६२.८५
२	पुँजीगत	१७०२२३६०	१०५६४६२७	६२.०६
३	वित्तीय व्यवस्था	३०००००	०	०.००
४	वित्तीय हस्तान्तरण (स्थानीय तह)	२३४७५७०	१९१७८६९	८१.७०
जम्मा	**जम्मा**	**२९२६५९३२**	**१८५१३५७७**	**६३.२६**

आर्थिक वर्ष २०८०/८१ मा विनियोजन भएको कूल रकम रू. २९ अर्ब २६ करोड ५९ लाख ३२ हजार मध्ये आर्थिक वर्षको अन्त्यसम्ममा चालुतर्फ ६ अर्ब ३ करोड १० लाख ८१ हजार अर्थात् विनियोजनको तुलनामा ६२.८५ प्रतिशत, पुँजीगततर्फ १० अर्ब ५६ करोड ४६ लाख २७ हजार अर्थात् विनियोजनको तुलनामा ६२.०६ प्रतिशत र वित्तीय हस्तान्तरणतर्फ १ अर्ब ९१ करोड ७८ लाख ६९ हजार गरी कुल रू. १८ अर्ब ५१ करोड ३५ लाख ७७ हजार अर्थात् कुल विनियोजनको तुलनामा ६३.२६ प्रतिशत खर्च भएको छ।

उल्लेखित विनियोजन र खर्चलाई तलको चित्रमा देखाइएको छ।

चित्र १ कूल विनियोजन र खर्चको तुलनात्मक अवस्था



४.३ मन्त्रालय/निकायगत खर्चको विवरण

आर्थिक वर्ष २०८०/८१ मा मन्त्रालय/निकायको लागि विनियोजित बजेट र असार मसान्तसम्म भएको खर्चको विवरण निम्नानुसारको तालिकामा उल्लेख गरिएको छ।

तालिका ४ निकायगत विनियोजन र खर्च

				रकम (रू. हजारमा)
मन्त्रालय/निकाय	**विवरण**	**चालु**	**पुँजीगत**	**कूल जम्मा**
प्रदेश व्यवस्थापिका	शुरू विनियोजन	१८११४५	९६६९	१९०८१४
	खुद विनियोजन	१८००६६	१०७४८	१९०८१४
	खर्च	१३१८७२	८२८०	१४०१५२
	खर्च प्रतिशत	७३.२४	७७.०४	७३.४५
प्रदेश लोक सेवा आयोग	शुरू विनियोजन	७८७५०	१६२५०	९५०००
	खुद विनियोजन	७९९५०	१६२५०	९६२००
	खर्च	४८२१०	६९५	४८९०५
	खर्च प्रतिशत	६०.३०	४.२७	५०.८४
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	शुरू विनियोजन	३१६१५१	९९२०५१	१३०८२०२
	खुद विनियोजन	३१३१६१	९८६०५१	१२९९२१२
	खर्च	२०११९२	२२८१२	२२४००३
	खर्च प्रतिशत	६४.२५	२.३१	१७.२४

				रकम (रू. हजारमा)
मन्त्रालय/निकाय	विवरण	चालु	पुँजीगत	कूल जम्मा
आर्थिक मामिला मन्त्रालय	शुरू विनियोजन	७०५००६	१४४८०	७१९४८६
	खुद विनियोजन	१८८०४७	१४४८०	२०२५२७
	खर्च	८८६८९	४४७१	९३१६१
	खर्च प्रतिशत	४७.१६	३०.८८	४६.००
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	शुरू विनियोजन	१११९५०८	६९९०४०	१८१८५४८
	खुद विनियोजन	११४२६५४	६३४७६०	१७७७४१४
	खर्च	७९३४८७	४६४९५५	१२५८४४२
	खर्च प्रतिशत	६९.४४	७३.२५	७०.८०
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	शुरू विनियोजन	२०९२६८३	४१४४८३	२५०७१६६
	खुद विनियोजन	२१०१९९६	३३२६८३	२४३४६७९
	खर्च	१४२५००४	२१५८९३	१६४०८९७
	खर्च प्रतिशत	६७.७९	६४.८९	६७.४०
आन्तरिक मामिला तथा कानून मन्त्रालय	शुरू विनियोजन	१४५०२०	२४७९८०	३९३०००
	खुद विनियोजन	१४६०२१	२४७९८०	३९४००१
	खर्च	७७९०८	१८९५५४	२६७४६२
	खर्च प्रतिशत	५३.३५	७६.४४	६७.८८
भौतिक पूर्वाधार विकास मन्त्रालय	शुरू विनियोजन	४९३५३९	१२१८८२७७	१२६८१८१६
	खुद विनियोजन	५१३२४३	१२१९६४३७	१२७०९६८०
	खर्च	३६७२५६	८६२१७४९	८९८९००५
	खर्च प्रतिशत	७१.५६	७०.६९	७०.७३
सामाजिक विकास मन्त्रालय	शुरू विनियोजन	३८६०१९०	१४३८९३०	५२९९१२०
	खुद विनियोजन	३९३१९८५	१४३८९३०	५३७०९१५
	खर्च	२८७५०२०	१०३५३८९	३९१०४०९
	खर्च प्रतिशत	७३.१२	७१.९६	७२.८१
प्रदेश योजना आयोग	शुरू विनियोजन	२९३००	१२००	३०५००
	खुद विनियोजन	३१०२७	१२००	३२२२७
	खर्च	२२४४२	८३१	२३२७३
	खर्च प्रतिशत	७२.३३	६९.२३	७२.२२

				रकम (रू. हजारमा)
मन्त्रालय/निकाय	विवरण	चालु	पुँजीगत	कूल जम्मा
अर्थ - वित्तीय व्यवस्था	शुरू विनियोजन	०	३०००००	३०००००
	खुद विनियोजन	०	३०००००	३०००००
	खर्च	०	०	०
	खर्च प्रतिशत	०.००	०.००	०.००
अर्थ - विविध	शुरू विनियोजन	५७४७१०	१००००००	१५७४७१०
	खुद विनियोजन	९८५४८३	११४५९२०	२१३१४०३
	खर्च	०	०	०
	खर्च प्रतिशत	०.००	०.००	०.००
स्थानीय तह	शुरू विनियोजन	२३४७५७०	०	२३४७५७०
	खुद विनियोजन	२३४७५७०	०	२३४७५७०
	खर्च	१९१७८६९	०	१९१७८६९
	खर्च प्रतिशत	८१.७०	०.००	८१.७०
कूल विनियोजन				**२९२६५९३२**
खुद विनियोजन				**२९२८६६४०**
कूल खर्च				**१८५१३५७७**
सुरू विनियोजनको तुलनामा खर्च प्रतिशत				**६३.२६**

आर्थिक वर्ष २०८०/८१ मा मन्त्रालय/निकायगत विनियोजन भएको खुद बजेट मध्ये आर्थिक वर्षको अन्त्यसम्ममा प्रदेश व्यवस्थापिकाबाट ७३.४५ प्रतिशत, प्रदेश लोकसेवा आयोगबाट ५०.८४ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट १७.२४ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट ४६.०० प्रतिशत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट ७०.८० प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट ६७.४० प्रतिशत, आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट ६७.८८ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट ७०.७३ प्रतिशत, सामाजिक विकास मन्त्रालयबाट ७२.८१ प्रतिशत र प्रदेश नीति तथा योजना आयोगबाट ७२.२२ प्रतिशत रकम खर्च भएको छ। समग्रमा खुद विनियोजनको ६३.२६ प्रतिशत खर्च भएको छ।

गत आर्थिक वर्षको समिक्षा अवधिमा भएको मन्त्रालय/निकायगत खर्चको भारलाई निम्नानुसार देखाइएको छ।

चित्र २ मन्त्रालय/निकायगत खर्चको भार



४.४ स्रोतगत खर्चको विवरण

आर्थिक वर्ष २०८०/८१ को स्रोतगत बजेट विनियोजन र खर्च देहाय बमोजिम रहेको छ।

तालिका ५ स्रोतगत खर्चको विवरण

							रकम (रू. हजारमा)
विवरण		प्रदेश	वित्तीय समानीकरण	ससर्त	विशेष	समपूरक	जम्मा
चालु	शुरू विनियोजन	७७४१२४८	१९२५	१६३०५१९	२२२३१०	०	९५९६००२
	खुद विनियोजन	७७३८१६९	१९२५	१६५१२२७	२२२३१०	०	९६१३६३१
	खर्च	४८९१४७५	८४१	१०५२६४६	८६१२०	०	६०३१०८१
	खर्च प्रतिशत	६३.२१	४३.७०	६३.७५	३८.७४	०.००	६२.७३
पुँजीगत	शुरू विनियोजन	४४५५२१४	८५१८३७५	२८८१०८१	३९७६९०	७७००००	१७०२२३६०
	खुद विनियोजन	४४६३२९३	८५१३३७५	२८८१०८१	३९७६९०	७७००००	१७०२५४३९
	खर्च	२२२७०२१	६१४१२१०	१४८२५३६	९५००७	६१८८५२	१०५६४६२७

							रकम (रू. हजारमा)
विवरण		प्रदेश	वित्तीय समानीकरण	ससर्त	विशेष	समपूरक	जम्मा
	खर्च प्रतिशत	४९.९०	७२.१४	५१.४६	२३.८९	८०.३७	६२.०५
वित्तीय व्यवस्था	शुरू विनियोजन	३००,०००	०.००	०.००	०.००	०.००	३००,०००
	खुद विनियोजन	३००,०००	०.००	०.००	०.००	०.००	३००,०००
	खर्च	०.००	०.००	०.००	०.००	०.००	०.००
	खर्च प्रतिशत	०.००	०.००	०.००	०.००	०.००	०.००
वित्तीय हस्तान्तरण	शुरू विनियोजन	२३४७५७०	०	०	०	०	२३४७५७०
	खुद विनियोजन	२३४७५७०	०	०	०	०	२३४७५७०
	खर्च	१९१७८६९	०	०	०	०	१९१७८६९
	खर्च प्रतिशत	८१.७०	०.००	०.००	०.००	०.००	८१.७०
जम्मा	सुरू विनियोजन	१४८४९०३२	८५२०३००	४५११६००	६२००००	७७००००	२९२६५९३२
	थपघट	०	०	२०७०८	०	०	२०७०८
	खुद विनियोजन	१४८४९०३२	८५२०३००	४५३२३०८	६२००००	७७००००	२९२८६६४०
	खर्च	९०३६३६५	६१४२०५२	२५३५१८२	१८११२७	६१८८५२	१८५१३५७७
	सुरू विनियोजनको तुलनामा खर्च प्रतिशत	६०.८५	७२.०९	५६.१९	२९.२१	८०.३७	६३.२६
	खुद विनियोजनको तुलनामा खर्च प्रतिशत	६०.८५	७२.०९	५५.९४	२९.२१	८०.३७	६३.२२

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष २०८०/८१ को बजेटमा प्रदेश स्रोततर्फ रू. १४ अर्ब ८४ करोड ९० लाख ३२ हजार, वित्तीय समानीकरण अनुदानतर्फ रू. ८ अर्ब ५२ लाख ३ हजार, ससर्त अनुदानतर्फ रू. ४ अर्ब ५३ करोड २३ लाख ८ हजार, विशेष अनुदानतर्फ रू. ६२ करोड र समपूरक अनुदानतर्फ रू. ७७ करोड विनियोजन भएकोमा आर्थिक वर्षको अन्त्यसम्म प्रदेश स्रोततर्फ रू. ९ अर्ब ३ करोड ६३ लाख ६५ हजार अर्थात् खुद विनियोजनको तुलनामा ६०.८५ प्रतिशत, वित्तीय समानीकरणतर्फ रू. ६ अर्ब १४ करोड २० लाख ५२ हजार अर्थात् खुद विनियोजनको तुलनामा ७२.०९ प्रतिशत, ससर्त अनुदानतर्फ रू. २ अर्ब ५३ करोड ५१ लाख ८२ हजार अर्थात् खुद विनियोजनको तुलनामा ५५.९४ प्रतिशत, विशेष अनुदानतर्फ रू. १८ करोड ११ लाख २७ हजार अर्थात् खुद विनियोजनको तुलनामा २८.२१ प्रतिशत, समपूरक अनुदानतर्फ रू. ६१ करोड ८८ लाख ५२ हजार अर्थात् खुद विनियोजनको तुलनामा ८०.३७ प्रतिशत गरी जम्मा रू. १८ अर्ब ५१ करोड ३५ लाख ७७ हजार अर्थात् खुद विनियोजनको तुलनामा ६३.२२ प्रतिशत खर्च भएको छ। स्रोतगत विनियोजन र खर्चको तुलनात्मक अवस्थालाई निम्नानुसार चित्रमा देखाइएको छ।

चित्र ३ आर्थिक वर्ष २०८०/८१ को स्रोतगत विनियोजन र खर्च



४.५ खर्चको तुलना

आर्थिक वर्ष २०७९/८० को सुरू बजेट विनियोजन र खर्चको मापन आर्थिक वर्ष २०८०/८१ को सोही अवधिसँग तुलना गर्दा देहाय बमोजिम देखिएको छ।

विवरण	२०७९/८०			२०८०/८१		
	सुरू विनियोजन	खर्च	खर्च प्रतिशत	सुरू विनियोजन	खर्च	खर्च प्रतिशत
चालु	१२३०१७०४	८२४८५७९	६७.०५	११९४३५७२	७९४८९५०	६६.५५
पुँजीगत	२४१४४७६१	१५८१४५१६	६५.५०	१७०२२३६०	१०५६४६२७	६२.०६
वित्तीय व्यवस्था	३०००००	०	०	३०००००	०	०
जम्मा	**३६७४६४६५**	**२४०६३०९५**	**६५.४८**	**२९२६५९३२**	**१८५१३५७७**	**६३.२६**

आर्थिक वर्ष २०७९/८० मा ६५.४८ प्रतिशत खर्च भएको थियो भने गत आर्थिक वर्ष २०८०/८१ मा कुल विनियोजनको ६३.२६ प्रतिशत खर्च भएको थियो।

आर्थिक वर्ष २०८०/८१ को सुरू बजेट विनियोजन र खर्चको मापन आर्थिक वर्ष २०७९/८० को कूल विनियोजन र समिक्षा अवधिमा भएको खर्चको तुलनात्मक विवरणलाई निम्नानुसार चित्रमा देखाइएको छ।

चित्र ४ वार्षिक विनियोजन र खर्चको तुलनात्मक चार्ट



४.६ कार्यगत खर्चको स्थिति

आर्थिक वर्ष २०८०/८ मा विनियोजन गरिएको रकमलाई कार्यगत शीर्षकमा बर्गीकरण गरी हेर्दा आर्थिक वर्षको अन्त्य सम्ममा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका ६ कार्यगत खर्चको विवरण

					रकम (रू. हजारमा)
क्र.सं	विवरण	शुरू विनियोजन	खुद विनियोजन	खर्च	खर्च प्रतिशत
सामान्य सार्वजनिक सेवा					
१	कार्यकारी र विधायिकाको निकाय, वित्तीय र वैदेशिक मामिला	१३००१६५	१२८९६०५	२४४४८१	१८.९६
२	सामान्य सेवा	१७००२१०	२२५९८३०	७२१७८	३.१९
३	सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास	१९५६५१	१९७२२१	११६८०२	५९.२२
४	सामान्य सेवा - अन्यत्र वर्गीकृत नभएको	३२००	३२००	२८७२	८९.७६
५	विभिन्न तहका सरकारहरू बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण	२३४७५७०	२३४७५७०	१९१७८६९	८१.७०
सार्वजनिक शान्ति सुरक्षा					
७	सार्वजनिक शान्ति सुरक्षामा अनुसन्धान तथा विकास	३९३०००	३९४००१	२६७४६२	६७.८८
आर्थिक मामिला					
८	सामान्य आर्थिक, व्यापारिक र श्रम मामिला	३०००००	३०००००	०	०.००
९	कृषि, वन , मत्स्यपालन तथा शिकार	६८२११३४	६८१८६७७	५०७८९१७	७४.४९
१०	इन्धन तथा उर्जा	१००००	१००००	०	०.००
११	खानी , उत्पादन तथा निर्माण	३९१५००	३९१५००	२५२६४०	६४.५३
१२	यातायात	६६३१३७२	६४०२५९२	४३२६५४०	६७.५७
१३	अन्य उद्योगहरू	४५७३२३	४२९१००	२८७४८८	६७.००
१४	अनुसन्धान तथा विकास - आर्थिक मामिला	७१९४८६	२०२५२७	९३१६१	४६.००
वातावरण संरक्षण					
१६	वातावरण संरक्षण- अन्यत्र वर्गीकृत नभएको	८७५००	८७५००	३२०८३	३६.६७
आवास तथा सामुदायिक सुविधा					
१७	आवास विकास	७३५८६१	८७२१०७	४२५६६९	४८.८१
१८	खानेपानी	१८७२८४०	१९१०२९७	१४८५००७	७७.७४
स्वास्थ्य					
१९	औषधी उत्पादन,उपकरण तथा औजार	३२१००	३२१००	२४४२९	७६.१०

					रकम (रू. हजारमा)
क्र.सं	विवरण	शुरू विनियोजन	खुद विनियोजन	खर्च	खर्च प्रतिशत
२०	वहिरंङ्ग सेवा	९४४००	९५५२०	७०४६२	७३.७७
२१	अस्पताल सेवा	४९२८००	४९२८००	३८३६७५	७७.८६
२२	सार्वजनिक स्वास्थ्य सेवा	२२६३५२३	२४०७६७२	१८३०५७१	७६.०३
२३	स्वास्थ्यमा अनुसन्धान सेवा	५९२८१	७६८५७	५८९६२	७६.७२
मनोरंजन,संस्कृति तथा धर्म					
२४	मनोरंजनात्मक र खेलकुद सेवाहरू	५८५००	५८५००	१२१६०	२०.७९
शिक्षा					
२५	तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा)	५१३६००	५१३६००	३३९०४१	६६.०१
२६	शिक्षाको लागि सहायक सेवाहरू	१७१५२१४	१६२३१९४	११३३४६७	६९.८३
२७	शिक्षा – अनुसन्धान विकास	६९७०२	७०६७१	५७६४१	८१.५६
	जम्मा	२९२६५९३२	२९२८६६४०	१८५१३५७७	६३.२६

४.७ प्राथमिकताका आधारमा खर्चको स्थिति

आर्थिक वर्ष २०८०/८१ मा विनियोजन भएको रकमलाई प्राथमिकताका आधारमा बर्गीकरण गर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका ७ प्राथमिकताका आधारमा खर्चको विवरण

					रकम (रू. हजारमा)
संकेत	प्राथमिकता	शुरू विनियोजन	खुद विनियोजन	खर्च	खर्च प्रतिशत
P१	पहिलो	२७५०६१३२	२७५३४०२५	१७८१४१७०	**६४.७६**
P२	दोस्रो	१७५९८००	१७५२६१५	६९९४०७	**३९.७४**
	जम्मा	**२९२६५९३२**	**२९२८६६४०**	**१८५१३५७७**	**६३.२६**

गत आर्थिक वर्ष पहिलो प्राथमिकतामा रहेका कार्यक्रमतर्फ ६४.७६ प्रतिशत र दोस्रो प्राथमिकतामा रहेका कार्यक्रमतर्फ ३९.७४ प्रतिशत खर्च भएको छ।

४.८ रणनीतिक स्तम्भहरूको आधारमा खर्चको स्थिति

आर्थिक वर्ष २०८०/८१ मा विनियोजन भएको रकमलाई रणनीतिक स्तम्भका आधारमा बर्गीकरण गर्दा आर्थिक वर्षको अन्त्यसम्म भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका ८ रणनीतिक स्तम्भहरूको आधारमा खर्च

रकम (रू. हजारमा)

क्र. सं.	विवरण	शुरू विनियोजन	खुद विनियोजन	खर्च	खर्च प्रतिशत
१	आर्थिक वृद्धि	८३९०५३७	७८८४०६८	५८२६८५६	**६९.४५**
२	स्वास्थ्य तथा शिक्षा	८२५८९२४	८२११७२९	५९१०२६०	**७१.५६**
३	अन्तरआबद्धता र शहरी विकास	६२३३८३	५९२०२४	३२६१४८	**५२.३२**
४	उत्पादन र उत्पादकत्व अभिवृद्धि	२९८०९९९	३३७०४५५	७६३४५४	**२५.६१**
५	सामाजिक सुरक्षा तथा संरक्षण	५४७२८७३	५६९३३३६	४४६५४७२	**८१.५९**
६	गरिवी निवारण र न्यायपूर्ण समाज	१८५००	१८५००	१२१६०	**६५.७३**
७	प्राकृतिक स्रोत तथा उत्थानशीलता	१०६५०००	१०६८६०१	७५०९०४	**७०.५१**
८	सुशासन, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता	१३६७९५१	१३५८५९१	२४७२०३	**१८.०७**
९	साधारण प्रशासन	१०८७७६५	१०८९३३५	२१११२२	**१९.४१**
	जम्मा	**२९२६५९३२**	**२९२८६६४०**	**१८५१३५७७**	**६३.२६**

४.९ दिगो विकास लक्ष्यको आधारमा खर्च स्थिति

आर्थिक वर्ष २०८०/८१ मा विनियोजन भएको रकमलाई दिगो विकास लक्ष्य प्राप्तिका लागि गरिएको विनियोजनका आधारमा हेर्दा आर्थिक वर्षको अन्त्यसम्ममा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका ९ दिगो विकास लक्ष्यको आधारमा खर्चको विवरण

					रकम (रू. हजारमा)
क्र.सं.	विवरण	शुरू विनियोजन	खुद विनियोजन	खर्च	खर्च प्रतिशत
१	सांकेतीकरण नगरिएको	७३०१८९६	७७३५५९८	३८४६५६०	४९.७३
२	गरिबीको अन्त्य	१५४९३२०	१५१२४४६	९२७२८१	६१.३१
३	शून्य भोकमरी	८२४७३१	८७५३६२	५७५३३३	६५.७३
४	स्वस्थ जीवन	२७५७५२२	२९१८७३४	२२१७५२०	७५.९८
५	गुणस्तरीय शिक्षा	८९९४९५	९१५४८०	७३८३२८	८०.६५
६	लैङ्गिक समानता	९७६१२१	८६९०८५	४९८०४४	५७.३१
७	दिगो सफा पानी तथा सरसफाइ सेवा	१७५५८११	१७९०८९३	१४३३७८३	८०.०६
८	समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम	८२४३३१५	७६५३८५५	४८८०६३६	६३.७७
९	उद्योग, नवीन खोज र पूर्वाधार	३७२५५६	३४७७९६	२२०८२४	६३.४९
१०	असमानता न्यूनीकरण	५९१८२३	४४४८७२	२०९३४५	४७.०६
११	दिगो शहर र वस्तीहरू	६०८७६१	७४५००७	३७७९४८	५०.७३
१२	दिगो उपभोग तथा उत्पादन	१६६२०	१६९११	१३८६७	८२.००
१३	जलवायु परिवर्तन अनुकुलन	२४२६६८१	२४८९८२६	१८५०९७६	७४.३४
१४	भूसतह स्रोतको उपयोग	२९३२९०	२९५६६०	१९९७७१	६७.५७
१५	शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज	३९३०००	३९४००१	२६७४६२	६७.८८
१६	दिगो विकासका लागि साझेदारी	२५४९९०	२८१११५	२५५९००	९१.०३
	जम्मा	२९२६५९३२	२९२८६६४०	१८५१३५७७	६३.२२

४.१० लैंगिक बजेट विनियोजन र खर्च

आर्थिक वर्ष २०८०/८१ मा विनियोजन भएको लैंगिक बजेटको खर्च देहाय बमोजिम रहेको छः

संकेत	लैंगिक उत्तरदायी बजेट	शुरू विनियोजन	खुद विनियोजन	खर्च	खर्च प्रतिशत
१	प्रत्यक्ष	१५९१३५१६	१५४९४६७४	१०९१०१६५	७०.४१
२	अप्रत्यक्ष	११९०७६००	१२३५४९४०	७२७००२९	५८.८४
३	तटस्थ	१४४४८१६	१४३७०२६	३३३३८३	२३.२०
	जम्मा	२९२६५९३२	२९२८६६४०	१८५१३५७७	६३.२२

४.११ जलवायु बजेट विनियोजन र खर्च

आर्थिक वर्ष २०८०/८१ मा जलवायु बजेट विनियोजन र सोको खर्च विवरण देहाय बमोजिमको तालिकामा देखाइएको छः

रकम (रू. हजारमा)					
संकेत	जलवायु परिवर्तन बजेट	शुरू विनियोजन	खुद विनियोजन	खर्च	खर्च प्रतिशत
१	प्रत्यक्ष	१३२०२९७६	१३९३९३८९	९६७८१६८	६९.४३
२	अप्रत्यक्ष	९७८७२१४	८७१३९८५	५५८०७२०	६४.०४
३	तटस्थ	६२७५७४२	६६३३२६६	३२५४६८९	४९.०७
	जम्मा	२९२६५९३२	२९२८६६४०	१८५१३५७७	६३.२२

४.१२ खर्च शीर्षकगत खर्च स्थिति

आर्थिक वर्ष २०८०/८१ को खर्च शीर्षकगत बजेट विनियोजन र खर्च र सोको खर्च प्रतिशतको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका १० खर्च शीर्षकगत खर्चको विवरण

रकम (रू. हजारमा)						
क्र.सं.	खर्च शीर्षक		शुरू विनियोजन	खुद विनियोजन	खर्च	खर्च प्रतिशत
१	२११११	पारिश्रमिक कर्मचारी	१७९४३५६	१७९८८०५	११८७४५७	६६.०१
२	२१११२	पारिश्रमिक पदाधिकारी	७९१५९	७९८७५	६६७५४	८३.५७
३	२११२१	पोशाक	६३०७५	६३०७५	२३८९२	३७.८८
४	२११२२	खाद्यान्न	७५५८८	७६८५१	६१४७४	७९.९९
५	२११२३	औषधी उपचार खर्च	१५००	१५००	१४४८	९६.५१
६	२११३१	स्थानीय भत्ता	६६२२०	६६२७०	३६९०२	५५.६८
७	२११३२	महंगी भत्ता	६९३३७	६९३६४	३९०६९	५६.३२
८	२११३४	कर्मचारीको बैठक भत्ता	२६१९६	२६४९६	१७४२१	६५.७५
९	२११३५	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	५८०	५८०	२१७	३७.३६
१०	२११३९	अन्य भत्ता	१५६११६	२३१५२३	१८४९४५	७९.८८
११	२११४१	पदाधिकारी बैठक भत्ता	१४११८	१४११८	६१२७	४३.४०

रकम (रू. हजारमा)

क्र.सं.	खर्च शीर्षक		शुरू विनियोजन	खुद विनियोजन	खर्च	खर्च प्रतिशत
१२	२११४२	पदाधिकारी अन्य सुविधा	४४७१	४४७१	२७००	**६०.४०**
१३	२११४९	पदाधिकारी अन्य भत्ता	८७५०	८७५०	६६०७	**७५.५१**
१४	२१२१२	योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	६५२५	६५२५	३२०६	**४९.१४**
१५	२१२१३	योगदानमा आधारित बिमा कोष खर्च	१२०२९	१२०२९	५७१३	**४७.४९**
१६	२२१११	पानी तथा बिजुली	९१८६१	९४०९७	७६७९७	**८१.६१**
१७	२२११२	संचार महसुल	३२२७६	३२४३६	२०७४५	**६३.९६**
१८	२२११३	सार्वजनिक उपयोगिताको सेवा खर्च	८५५	८५५	८३५	**९७.६२**
१९	२२२११	इन्धन (पदाधिकारी)	१३२९८	१३५९८	८६६९	**६३.७६**
२०	२२२१२	इन्धन (कार्यालय प्रयोजन)	७८७००	८१०४०	७३०९३	**९०.१९**
२१	२२२१३	सवारी साधन मर्मत खर्च	६९०६२	७००७२	६४३६२	**९१.८५**
२२	२२२१४	बिमा तथा नवीकरण खर्च	२१९८६	२२१०६	१३४०६	**६०.६५**
२३	२२२२१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	५११६४	५१२२९	३४३४५	**६७.०४**
२४	२२२३१	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	३४२२७	३५७२७	२६५२८	**७४.२५**
२५	२२२९१	अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	२९६५	२९६५	२०४०	**६८.८१**
२६	२२३११	मसलन्द तथा कार्यालय सामाग्री	८३३८८	८४४१८	७७०७१	**९१.३०**
२७	२२३१२	पशुपंक्षीहरूको आहार	४१०	४१०	४०७	**९९.२६**
२८	२२३१३	पुस्तक तथा सामग्री खर्च	१८८४८	१८८४८	१८३३९	**९७.३०**
२९	२२३१४	इन्धन - अन्य प्रयोजन	९१३३	९१३३	६९०६	**७५.६२**
३०	२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	७०६५१	६९९७१	४४३७१	**६३.४१**
३१	२२३१९	अन्य कार्यालय संचालन खर्च	८५६८	८४६८	६९३६	**८१.९१**
३२	२२४११	सेवा र परामर्श खर्च	७३१११	७३४६६	६०१६०	**८१.८९**
३३	२२४१२	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	३५६६०	३५६६०	६६१२	**१८.५४**
३४	२२४१३	करार सेवा शुल्क	५४७८१३	५५३८५०	४८७६८०	**८८.०५**
३५	२२४१९	अन्य सेवा शुल्क	१५७८०८	१५८४४०	१०६७२२	**६७.३६**
३६	२२५११	कर्मचारी तालिम खर्च	१०६६२४	१०५१२४	७४९३५	**७१.२८**
३७	२२५१२	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	११७२१८	११४३१८	८८३९३	**७७.३२**
३८	२२५२१	उत्पादन सामग्री/ सेवा खर्च	३१७८५	३२५८५	२९००६	**८९.०२**

रकम (रू. हजारमा)

क्र.सं.	खर्च शीर्षक		शुरू विनियोजन	खुद विनियोजन	खर्च	खर्च प्रतिशत
३९	२२५२२	कार्यक्रम खर्च	४२१२४७२	३७०३८८५	२४२३९४८	**६५.४४**
४०	२२५२३	विशेष कार्यक्रम खर्च	१०२२००	१०२२००	५५५१६	**५४.३२**
४१	२२५२९	विविध कार्यक्रम खर्च	११२८६	१०९३६	४८०७	**४३.९६**
४२	२२६११	अनुगमन, मूल्यांकन खर्च	१०२८०३	१०३४१३	८९०५९	**८६.१२**
४३	२२६१२	भ्रमण खर्च	३०६०८	३१५३१	२०८३३	**६६.०७**
४४	२२७११	विविध खर्च	८६२२२	८७११२	७०३९९	**८०.८१**
४५	२५२१२	गैह्र वित्तीय व्यवसायहरूलाई पुँजीगत सहायता	५०१००	४७७००	४३२६४	**९०.७०**
४६	२५३१५	अन्य सहायता	१९७०	१९७०	१६७२	**८४.८७**
४७	२६३३१	समानिकरण अनुदान	८०६१३५	८०६१३५	८०६१३५	**१००.००**
४८	२६३३२	ससर्त अनुदान	६४९००	६४९००	५३५२३	**८२.४७**
४९	२६३३३	विषेश अनुदान	४०८१००	४०८१००	३३७९६७	**८२.८१**
५०	२६३३४	समपुरक अनुदान	६३८९८५	६३८९८५	३३५४६०	**५२.५०**
५१	२६३३६	ससर्त अनुदान (पुँजीगत)	४२९४५०	४२९४५०	३८४७८४	**८९.६०**
५२	२६४११	सरकारी निकाय, समिति एवम् बोर्डहरूलाई निःशर्त चालु अनुदान	८०००	८०००	७३९५	**९२.४४**
५३	२६४१२	सरकारी निकाय, समिति एवम् बोर्डहरूलाई सःसर्त चालु अनुदान	२०९५०	२०९५०	१७३३७	**८२.७५**
५४	२६४१३	अन्य संस्थालाई अनुदान ससर्त	२०००	२०००	२०००	**१००.००**
५५	२६४२१	सरकारी निकाय, समिति, बोर्ड-पुँजीगत निःशर्त अनुदान	५००	५००	४९४	**९८.८०**
५६	२६४२२	सरकारी निकाय, समिति, बोर्ड - पुजिगत ससर्त अनुदान	२२२००	२२२००	२१९६२	**९८.९३**
५७	२७१११	सामाजिक सुरक्षा	३५६७०	३७१७०	३६४४८	**९८.०६**
५८	२७११२	अन्य सामाजिक सुरक्षा	२१५००	४१५००	३९७४९	**९५.७८**
५९	२७२११	छात्रवृत्ति	७०६००	७०६००	५१९०६	**७३.५२**
६०	२७२१३	औषधी खरिद खर्च	१२३७३७	११८७३७	१०२३१३	**८६.१७**
६१	२७२१९	अन्य सामाजिक सहायता	३०००	३०००	०	**०.००**
६२	२८१४१	जग्गाको भाडा	२००	२००	१८१	**९०.३२**
६३	२८१४२	घर भाडा	७३१७६	७३५२४	६३१८४	**८५.९४**
६४	२८१४३	सवारी साधन तथा मेशिनर औजार भाडा	९९७७	१०००७	५४८९	**५४.८५**
६५	२८१४९	अन्य भाडा	९०	९०	३	**३.७८**
६६	२८२११	राजस्व फिर्ता	११५९०	११२८५	०	**०.००**
६७	२८२१२	न्यायिक फिर्ता	२००००	२००००	०	**०.००**
६८	२८२१९	अन्य फिर्ता	०	८३२	८३२	**१००.००**
६९	२८९११	भैपरी आउने चालु खर्च	५३९७२०	९५५२४१	०	**०.००**
७०	३११११	आवासीय भवन निर्माण/खरिद	४७९७१	१९९७१	१२०३०	**६०.२४**

रकम (रू. हजारमा)

क्र.सं.	खर्च शीर्षक		शुरू विनियोजन	खुद विनियोजन	खर्च	खर्च प्रतिशत
७१	३१११२	गैर आवासीय भवन निर्माण/ खरिद	१४७३१२६	१३२७५३७	९२०७४१	**६९.३६**
७२	३१११३	निर्मित भवनको संरचनात्मक सुधार खर्च	४०००	४०००	२९७६	**७४.४१**
७३	३११२१	सवारी साधन	१५९५०	१५९५०	६९३९	**४३.५०**
७४	३११२२	मेशिनरी तथा औजार	६२०८२८	५९१४८३	३८१९४०	**६४.५७**
७५	३११२३	फर्निचर तथा फिक्चर्स	५४५९६	५५९७०	४७०५४	**८४.०७**
७६	३११३१	पशुधन तथा बागवानी विकास खर्च	६००	६००	०	**०.००**
७७	३११३४	कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च	८५००	८५००	९८६	**११.६०**
७८	३११३५	पुँजीगत परामर्श खर्च	२८८८००	१८६३४०	५१५०२	**२७.६४**
७९	३११५१	सडक तथा पूल निर्माण	४६०३९८४	५१२३३२८	४१०१४५०	**८०.०५**
८०	३११५३	विद्युत संरचना निर्माण	२०३४००	३१४३०	६०१८	**१९.१५**
८१	३११५४	तटबन्ध तथा बाँध निर्माण	७१६८२५	७००११५	५९४१६०	**८४.८७**
८२	३११५५	सिंचाई संरचना निर्माण	२०५४७००	२१६००२५	१६८२८९५	**७७.९१**
८३	३११५६	खानेपानी संरचना निर्माण	१६४६८१४	१६६३९१४	१२९४५०७	**७७.८०**
८४	३११५७	वन तथा वातावरण संरक्षण	२३८२७६	२३७२७६	१४५२४२	**६१.२१**
८५	३११५८	सरसफाई संरचना निर्माण	१३४००	१२९२२	१२४३२	**९६.२०**
८६	३११५९	अन्य सार्वजनिक निर्माण	२३४६२७७	२०३१५२३	७९७२०१	**३९.२४**
८७	३११६१	निर्मित भवनको संरचनात्मक सुधार खर्च	२१०५०३	२१६५०३	८७५५८	**४०.४४**
८८	३११७१	पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण	५१२८१०	५३१४२२	४१८९९६	**७८.८४**
८९	३१५११	भैपरी आउने पुँजीगत	१९६१०००	२१०६६३०	०	**०.००**
९०	३२१४२	सार्वजनिक संस्थानमा ऋण लगानी	३००००	३००००	०	**०.००**
९१	३२१४३	अन्य संस्थामा ऋण लगानी	३००००	३००००	०	**०.००**
९२	३२१५१	संस्थानमा शेयर लगानी	२४००००	२४००००	०	**०.००**
जम्मा			२९२६५९३२	२९२८६६४०	१८५१३५७७	**६३.२२**

खर्च शीर्षकगत रूपमा आर्थिक वर्ष २०८०/८१ मा पुँजीगत खर्चतर्फ विनियोजन भएको बजेट मध्ये भवन निर्माण (३१११२) तर्फ ६९.३६ प्रतिशत, सडक तथा पूल निर्माण (३११५१) तर्फ ८०.५० प्रतिशत, तटबन्ध तथा बाँध निर्माण (३११५४) तर्फ ८४.८७ सिंचाई (३११५५) तर्फ ७७.९१ प्रतिशत, खानेपानी (३११५६) तर्फ ७७.८० प्रतिशत र अन्य सार्वजनिक निर्माण (३११५९) तर्फ ३९.२४ प्रतिशत, खर्च भएको छ।

४.१३ अन्तर सरकारी वित्तीय हस्तान्तरण

४.१३.१ वित्तीय समानीकरण अनुदान

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८० मा प्रत्येक आर्थिक वर्षको भदौ १० गते, कात्तिक १० गते, माघ १० गते र वैशाख १० गते गरी चार किस्तामा वित्तीय समानीकरण अनुदान वापतको रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्ने व्यवस्था रहेको छ। सोहि व्यवस्था बमोजिम प्रदेश सरकारबाट चालु आर्थिक वर्षमा प्रदेश भित्रका सबै स्थानीय तहमा वित्तीय समानीकरण अनुदान वापत कूल रू. ८० करोड ६१ लाख ३५ हजार विनियोजन गरिएकोमा समिक्षा अवधिसम्ममा सबै रकम हस्तान्तरण भैसकेको छ।

४.१३.२ ससर्त अनुदान

सुदूरपश्चिम प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८० बमोजिम प्रदेश सरकारका विषयगत मन्त्रालयबाट बजेट विनियोजन भई वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा हस्तान्तरण भएका ससर्त अनुदानका कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित स्थानीय तहहरूलाई गत आर्थिक वर्ष २०८०/८१ मा रू. ४३ करोड ८३ लाख ७ हजार ससर्त अनुदान मार्फत हस्तान्तरण गरिएको छ।

४.१३.३ विशेष अनुदान

प्रदेश सरकारबाट आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहहरूलाई विशेष अनुदानमा हस्तान्तरित आयोजनाको लागि जम्मा रू. ४० करोड ८१ लाख विनियोजन गरिएको थियो। सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८० र सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को व्यवस्था बमोजिम गत आर्थिक वर्षमा रू. ३३ करोड ७९ लाख ६७ हजार सम्बन्धित स्थानीय तहहरूलाई हस्तान्तरण गरिको थियो।

४.१३.४ समपूरक अनुदान

प्रदेश सरकारबाट गत आर्थिक वर्ष स्थानीय तहलाई समपूरक अनुदानतर्फका आयोजना कार्यान्वयन गर्न जम्मा रू. ६३ करोड ८९ लाख ८५ हजार विनियोजन भएको थियो। सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७९ मा समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लागि प्रदेश सरकारले अनुदान दिँदा सम्बन्धित स्थानीय तहबाट उक्त आयोजना वा कार्यक्रममा भएको कार्यप्रगतिको आधारमा चौमासिक

रूपमा रकम उपलब्ध गराउने र सोहि कार्यविधिमा स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन भईरहेका आयोजना वा कार्यक्रमको प्रतिवेदन पेश गरेपछि मात्र त्यस्तो आयोजना वा कार्यक्रमको अन्तिम किस्ता बापतको रकम स्थानीय तहलाई उपलब्ध गराउने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम गत आर्थिक वर्षमा समपुरक अनुदानका कार्यक्रम कार्यन्वयन गर्न कूल रू. ३३ करोड ५४ लाख ६० हजार हस्तान्तरण गरिएको थियो।

तालिका 11 प्रदेशबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण

सि.नं.	अनुदान	विनियोजन	निकासा	निकासा प्रतिशत	कैफियत
१	वित्तीय समानीकरण अनुदान	८०६१३५	८०६१३५	१००.००	
२	ससर्त अनुदान	४९४३५०	४३८३०७	८८.६६	
३	समपुरक अनुदान	६३८९८५	३३५४६०	५२.५०	
४	विशेष अनुदान	४०८१००	३३७९६७	८२.८१	
जम्मा		**२३४७५७०**	**१९१७८६९**	**८१.७०**	

परिच्छेद - ५

मन्त्रालय/निकायबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरू

५.१ प्रदेश व्यवस्थापिका

५.१.१ वित्तीय विवरण

प्रदेश व्यवस्थापिकाको लागि आर्थिक वर्ष २०८०/८१ मा विनियोजन गरिएको स्रोतगत बजेट विनियोजन र समिक्षा अवधिमा भएको खर्चको विवरण निम्नानुसार देखाइएको छ।

तालिका १२ प्रदेश व्यवस्थापिकाको समिक्षा अवधिमा भएको खर्चको विवरण

रकम (रू. हजारमा)

विवरण	चालु					पुँजीगत						कूल जम्मा
	प्रदेश	समानीकरण	ससर्त	विशेष	जम्मा	प्रदेश	समानीकरण	ससर्त	विशेष	समपूरक	जम्मा	
शुरू विनियोजन	१८११४५	०	०	०	१८११४५	९६६९	०	०	०	०	९६६९	१९०८१४
खुद विनियोजन	१८००६६	०	०	०	१८००६६	१०७४८	०	०	०	०	१०७४८	१९०८१४
खर्च	१३१८७२	०	०	०	१३१८७२	८२८०	०	०	०	०	८२८०	१४०१५२
खर्च प्रतिशत	७३.२४	०	०	०	७३.२४	७७.०४	०	०	०	०	७७.०४	७३.४५

प्रदेश व्यवस्थापिकामा आर्थिक वर्ष २०८०/८१ को लागि खुद रकम रू. १९ करोड ८ लाख १४ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. १८ करोड ६६ हजार र पुँजीगततर्फ रू. १ करोड ७ लाख ४८ हजार रहेको छ। विनियोजित खुद रकम मध्ये समिक्षा अवधिमा चालुतर्फ रू. १३ करोड १८ लाख ७२ हजार र पुँजीगततर्फ रू. ८२ लाख ८० हजार खर्च भई जम्मा रू. १४ करोड १ लाख ५२ हजार खर्च भएको छ। समग्रमा प्रदेश व्यवस्थापिकाबाट कूल विनियोजनको ७३.४५ प्रतिशत खर्च भएको छ।

५.१.२ प्रमुख उपलब्धि

आर्थिक वर्ष २०८०/८१ मा प्रदेश व्यवस्थापिकाबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

- अर्थ विकास तथा प्राकृतिक स्रोत समिती, विधायन समिती र सार्वजनिक लेखा समितीबाट अन्तरप्रदेश असल अनुभव आदान प्रदान भ्रमण गरिएको
- विशिष्ट व्यक्ति तथा प्रतिनिधिको भ्रमण अन्तरप्रदेश भ्रमण सम्पन्न गरिएको
- तिनवटा समितिबाट प्रदेश सभामा पेश भएका विधेयक उपर राय सुझाव संकलन गरेको
- रेडियो नेपालबाट प्रदेश सभाका गतिविधि प्रसारण गरिएको
- स्थानीय तहका पदाधिकारीसँग कानून निर्माण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको
- प्रदेश सभा दिवस मनाइएको
- मुख्यमन्त्रीलाई विश्वासको मत प्रदान गर्ने कार्य सम्पन्न गरेको
- कार्यव्यवस्था परामर्स समिति र विषयगत समितिहरू चयन गरेको।

५.२ प्रदेश लोक सेवा आयोग

५.२.१ वित्तीय विवरण

प्रदेश लोक सेवा आयोगको लागि आर्थिक वर्ष २०८०/८१ मा विनियोजन गरिएको खुद बजेट र वार्षिक खर्चको विवरण निम्नानुसार देखाइएको छ।

तालिका १३ प्रदेश लोक सेवा आयोगमा विनियोजन गरिएको खुद बजेट र वार्षिक खर्चको विवरण

रकम (रू. हजारमा)												
विवरण	चालु					पुँजीगत						कूल जम्मा
	प्रदेश	समानीकरण	ससर्त	विशेष	जम्मा	प्रदेश	समानीकरण	ससर्त	विशेष	समपूरक	जम्मा	
शुरू विनियोजन	७८७५०	०	०	०	७८७५०	१६२५०	०	०	०	०	१६२५०	९५०००
खुद विनियोजन	७९९५०	०	०	०	७९९५०	१६२५०	०	०	०	०	१६२५०	९६२००
खर्च	४८२१०	०	०	०	४८२१०	६९५	०	०	०	०	६९५	४८९०५
खर्च प्रतिशत	६०.३०	०.००	०.००	०.००	६०.३०	४.२७	०.००	०.००	०.००	०.००	४.२७	५०.८४

प्रदेश लोक सेवा आयोगमा गत आर्थिक वर्षको लागि कूल रू. ९ करोड ६२ लाख विनियोजन गरिएकोमा चालुतर्फ रू. ७ करोड ९९ लाख ५० हजार र पुँजीगततर्फ रू. १ करोड ६२ लाख ५० हजार रहेको छ। विनियोजित कूल रकम मध्ये समिक्षा अवधिमा चालुतर्फ रू. ४ करोड ८२ लाख १० हजार र पुँजीगततर्फ रू. ६ लाख ९५ हजार खर्च भई जम्मा रू. ४ करोड ८९ लाख ५ हजार खर्च भएको छ। समग्रमा प्रदेश लोक सेवा आयोगबाट कूल विनियोजनको ५०.८४ प्रतिशत खर्च भएको छ।

५.२.२ प्रमुख उपलब्धि

गत आर्थिक वर्षमा प्रदेश लोक सेवा आयोगबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

- सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) र स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई राय/परामर्श उपलब्ध गराएको।

- साबिकको प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७८ मा केही प्रावधानहरू अस्पष्ट भएका कारण पदपूर्ति कार्यमा असहजता सिर्जना भएकोले आयोगको कार्य प्रक्रियालाई थप सहज बनाउन प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० तर्जुमा गरी कार्यान्वयनमा रहेको छ।
- गत आर्थिक वर्ष यस आयोगबाट ९ जना प्राविधिकहरूलाई एघारौं तह प्राविधिक बढुवा सिफारिस गरेको छ।
- प्रदेश लोक सेवा आयोगबाट प्रदेश निजामती सेवा र स्थानीय सेवा तर्फका हालसम्म विभिन्न १०९९ पदमा पदपूर्ति गरिसकेको छ।
- गत आर्थिक वर्षमा यस आयोगबाट भएका विज्ञापन मार्फत वर्षमा रू. २ करोड ९७ लाख ७५ हजार राजस्व संकलन गरेको थियो।

५.३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

५.३.१ वित्तीय विवरण

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागि आर्थिक वर्ष २०८०/८१ मा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण निम्नानुसार छ।

तालिका १४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण

रकम (रू. हजारमा)

विवरण	चालु					पुँजीगत						कूल जम्मा
	प्रदेश	समानीकरण	ससर्त	विशेष	जम्मा	प्रदेश	समानीकरण	ससर्त	विशेष	समपूरक	जम्मा	
शुरू विनियोजन	१५४५५१	०	१६१६०००	०	३१६१५१	९९००५१	०	२०००	०	०	९९२०५१	१३०८२०२
खुद विनियोजन	१५१५६१	०	१६१६०००	०	३१३१६१	९८४०५१	०	२०००	०	०	९८६०५१	१२९९२१२
खर्च	१०८७७४	०	९२४१८	०	२०११९२	२१२६०	०	१५५१	०	०	२२८१२	२२४००३
खर्च प्रतिशत	**७१.७७**	**०**	**५७.१९**	**०**	**६४.२५**	**२.१६**	**०**	**७७.५५**	**०**	**०**	**२.३१**	**१७.२४**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गत आर्थिक वर्षको लागि खुद रू. १ अर्ब करोड २९ लाख ९२ लाख १२ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. ३१ करोड ३१ लाख ६१ हजार र पुँजीगततर्फ रू. ९८ करोड ६० लाख ५१ हजार रहेको छ। विनियोजित रकम मध्ये चालुतर्फ रू. २० करोड ११ लाख ९२ हजार र पुँजीगततर्फ रू. २ करोड २८ लाख १२ हजार गरी कूल रू. २२ करोड ४० लाख ३ हजार खर्च भएको छ। गत आर्थिक वर्षमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट खुद विनियोजनको १७.२४ प्रतिशत रकम खर्च भएको छ।

५.४.२ प्रमुख उपलब्धि

आर्थिक वर्ष २०८०/८१ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्पादन भएका मुख्य-मुख्य कार्यक्रमहरू र सोबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

नीतिगत तथा कानून निर्माण सम्बन्धी कार्यहरुः

- प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न वनेको विधेयक, २०८० प्रदेश सभामा दर्ता।
- स्थानीय तहका कर्मचारीको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०८० प्रदेश सभामा दर्ता।
- प्रदेश सरकार र स्थानीय तहमा कानून तर्जुमा, पुनरावलोकन तथा विधायिकी प्रक्रिया सम्बन्धी कार्यशाला गोष्ठी सात पटक आयोजना गरिएको।
- कानून पहिचान सम्बन्धी कार्यशाला गोष्टि सम्पन्न गरिएको।
- आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम निर्माण गरी प्रदेश सभामा पेश गरेको।

अन्तर तह समन्वय तथा विकास कार्यक्रमः

- सहस्राब्दी विकास लक्ष्यको कार्यान्वयनको अवस्थाको वारेमा प्रदेश सरकारमा स्थानीयकरण सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न।
- उद्यम/व्यवसायको विकास तथा प्रवर्द्धनका लागि उद्यम प्रवर्द्धन केन्द्र Business Incubation center स्थापना सम्बन्धी कार्याशाला गोष्ठी सम्पन्न।
- प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम निर्माणको लागि मन्त्रालय र निकायहरू बीचमा कार्यशाला आयोजना भएको।
- प्रदेश समन्वय परिषद्को पाँचौ बैठक सम्पन्न।
- मुख्यमन्त्री कार्यालयमा पार्किङको व्यवस्था गरी परिसर सरसफाइ सम्पन्न।
- कार्यालयको आफ्नो भवन, साथै सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण सम्पन्न।

क्षमता विकास तथा तालिम कार्यक्रमः

- परिणाममुखी अनुगमन तथा मूल्याङ्कन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम प्रदान।
- कम्प्युटर अधिकृत तथा सहायक कर्मचारीलाई कम्प्युटर सम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न।

- जिल्ला समन्वय समितिको कार्यालयहरूलाई LISA पुनरावलोकन र FRA पुनरावलोकन सम्बन्धी कार्यशाला।
- वित्तीय अनुशासन तथा बेरूजू फछ्र्योट सम्बन्धी प्रदेश सरकारका कर्मचारीहरूलाई प्रशिक्षण।
- सार्वजनिक खरिद तथा इ-विडिङ्ग सम्बन्धी प्रदेश सरकारका कर्मचारीलाई प्रशिक्षण।
- स्थानीय तहका पदाधिकारी र कर्मचारीहरूलाई न्यायिक कार्य सम्पादन, राजस्व अभिवृद्धि, सम्बन्धी क्षमता अभिवृद्धि तालिम।
- स्थानीय तहका कर्मचारीलाई सेवा प्रवेश तथा सेवाकालिन तालिम सम्पन्न।
- स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूलाई आन्तरिक नियन्त्रण सम्बन्धी मापदण्डको अभिमुखीकरण तालिम सम्पन्न गरिएको।
- स्थानीय तहका कर्मचारीहरूलाई आर्थिक विकास र उद्यमशिलता विकास सम्बन्धी प्रशिक्षण।
- स्थानीय तहका कर्मचारीहरूलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रम।
- वालविज्याइकर्ता न्यूनिकरण सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको।

५.४. आर्थिक मामिला मन्त्रालय

५.४.१ वित्तीय विवरण

आर्थिक मामिला मन्त्रालयको लागि आर्थिक वर्ष २०८०/८१ मा विनियोजन गरिएको खुद बजेट र समिक्षा अवधिमा भएको खर्चको विवरण निम्नानुसार छ।

तालिका १५ आर्थिक मामिला मन्त्रालयको खुद बजेट र समिक्षा अवधिमा भएको खर्चको विवरण

रकम (रू. हजारमा)

विवरण	चालु					पुँजीगत						कूल जम्मा
	प्रदेश	समानी करण	ससर्त	विशेष	जम्मा	प्रदेश	समानी करण	ससर्त	विशेष	समपूरक	जम्मा	
शुरू विनियोजन	७०५००६	०	०	०	७०५००६	१४४८०	०	०	०	०	१४४८०	७१९४८६
खुद विनियोजन	१८८०४७	०	०	०	१८८०४७	१४४८०	०	०	०	०	१४४८०	२०२५२७
खर्च	८८६८९	०	०	०	८८६८९	४४७१	०	०	०	०	४४७१	९३१६१
खर्च प्रतिशत	४७.१६	०.००	०	०	४७.१६	३०.८८	०	०	०	०	३०.८८	४६.००

यस मन्त्रालयमा गत आर्थिक वर्षको लागि खुद बजेट रू. २० करोड २५ लाख २७ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. १८ करोड ८० लाख ४७ हजार र पुँजीगततर्फ रू. १ करोड ४४ लाख ८० हजार विनियोजन गरिएको छ। मन्त्रालयमा विनियोजित रकम मध्ये समीक्षा अवधिमा चालुतर्फ रू. ८ करोड ८६ लाख ८९ हजार र पुँजीगततर्फ रू. ४४ लाख ७१ हजार खर्च भई कूल रू. ९ करोड ३१ लाख ६१ हजार खर्च भएको छ। समग्रमा यस मन्त्रालयबाट खुद विनियोजनको ४६.०० प्रतिशत खर्च भएको छ।

५.४.२ प्रमुख उपलब्धि

आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०८०/८१ मा सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

- आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयनको वार्षिक मूल्याङ्कन कार्यक्रम सम्पन्न गरी प्रतिवेदन प्रकाशन गरेको,
- बझाङ्ग, बाजुरा, बैतडी र दार्चुला जिल्लामा मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) सञ्चालन सम्बन्धी क्षमता विकास कार्यक्रम र बजेट कार्यान्वयन दक्षता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरेको,
- वित्तीय साक्षरता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको,
- सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८०, आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० लगायतका अन्य कार्यविधि तथा मापदण्डको तर्जुमा गरेको,
- आर्थिक वर्ष २०८०/०८१ को बजेट कार्यान्वयनको अर्धवार्षिक मूल्याङ्कन समीक्षा गरी प्रतिवेदन प्रकाशन गरेको,
- प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग तथा कार्यालयमा कार्यरत खरिदसँग सम्बन्धित कर्मचारीहरूलाई सार्वजनिक खरिद सम्बन्धी तालिम सञ्चालन गरिएको,
- प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश सरकारको बेरूजुको अभिलेख व्यवस्थापन, बेरूजुको एकीकृत लगत तयारी र बेरूजु फछ्र्यौट तथा समपरीक्षण कार्यका लागि सफ्टवेयर प्रणालीको विकास गरी लागु गरिएको,
- सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषमार्फत प्रदेशस्थित विभिन्न जिल्लाहरूमा ग्रामीण उद्यमशीलताका लागि सहकारीको सक्षमता विकास, स्थानीयस्तरमा उपयुक्त स्वरोजगारजन्य व्यवसायको पहिचान, युवाहरूलाई अन्तर्राष्ट्रिय भाषा सिकाई तालिम, विपन्न तथा वेरोजगार महिलाका लागि व्यवसायिक बाखापालन सम्बन्धी तालिम सञ्चालन लगायतका कार्यक्रम गरिएको,

- कोषबाट व्यवसायिक बाख्रापालन, कोषबाट प्रवाह हुने कर्जा प्रक्रिया, कर्जाको अभिलेख, प्रतिवेदन तयारी, ब्याज र किस्ता दाखिला सम्बन्धी तालिम, अन्तरक्रिया तथा गोष्ठी सञ्चालन गरिएको।
- आर्थिक वर्ष २०८०/०८१ को आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्ताव, विनियोजन ऐन, आर्थिक ऐन तयारी तथा प्रकाशन लगायतका मन्त्रालयका नियमित तथा आवश्यक कार्यक्रमहरू गरिएको।
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डलाई परिमार्जन गर्नुका साथै एकीकृत आन्तरिक नियन्त्रण प्रणालीको मस्यौदा तर्जुमा भएको।
- बहुवर्षीय, क्रमागत र अधुरा एवम् दायित्व सिर्जना भएका आयोजनाको लागि पर्याप्त विनियोजन भई आवश्यकता अनुसार थप निकासा एवम् बजेट रकमान्तर गरिएको।
- विभिन्न पहाडी एवम् तराईका जिल्लाहरूमा मन्त्रालयबाट वित्तीय साक्षरता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको।
- TSA, CGAS, PAMS, जस्ता सफ्टवेयरको प्रयोगलाई बढाइएको। आन्तरिक लेखापरीक्षणको कार्य सम्पन्न भएको। साथै, प्रदेश लेखा नियन्त्रक कार्यालय एवम् संघीय निकायबाट लेखा सम्बन्धमा विभिन्न तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएको।
- बेरूजु फछ्र्यौट तथा समपरीक्षण सम्बन्धमा सफ्टवेयर प्रणालीको विकास गरिएको। साथै, विगत आर्थिक वर्षहरूको बेरूजु समपरीक्षण कार्यलाई प्रभावकारी बनाईएको।
- आर्थिक सर्वेक्षण तर्जुमा कार्यलाई निरन्तरता दिइएको। आर्थिक वर्ष २०७९/०८० को बजेट कार्यान्वयनको वार्षिक मूल्याङ्कन प्रतिवेदन, आर्थिक वर्ष २०८०/०८१ को अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन प्रकाशन गरिएको। मन्त्रालयको वेवसाइटलाई व्यवस्थित गरिएको।
- आर्थिक वर्ष २०८१/८२ को बजेट तर्मुमा गरी प्रदेश सभामा पेश गरेको।

५.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

५.५.१ वित्तीय विवरण

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको लागि आर्थिक वर्ष २०८०/८१ को खुद बजेट र सोको खर्चको विवरण निम्नानुसार छ।

तालिका १६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा विनियोजन गरिएको खुद बजेट र खर्चको विवरण

रकम (रू. हजारमा)

विवरण	चालु					पुँजीगत						कूल जम्मा
	प्रदेश	समानीकरण	ससर्त	विशेष	जम्मा	प्रदेश	समानीकरण	ससर्त	विशेष	समपूरक	जम्मा	
शुरू विनियोजन	९९७३५८	५०	१२२१००	०	**१११९५०८**	४७३६४०	०	२२५४००	०	०	**६९९०४०**	**१८१८५४८**
खुद विनियोजन	१०१७९०४	५०	१२४७००	०	**११४२६५४**	४०९३६०	०	२२५४००	०	०	**६३४७६०**	**१७७७४१४**
खर्च	७४३६९८	०	४९७९०	०	**७९३४८७**	३४०६४०	०	१२४३१४	०	०	**४६४९५५**	**१२५८४४२**
खर्च प्रतिशत	**७३.०६**	**०**	**३९.९३**	**०**	**६९.४४**	**८३.२१**	**०**	**५५.१५**	**०**	**०**	**७३.२५**	**७०.८०**

यस मन्त्रालयमा गत आर्थिक वर्षको लागि कूल रू. १ अर्ब ७७ करोड ७४ लाख १४ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. १ अर्ब १४ करोड २६ लाख ५४ र पुँजीगततर्फ रू. ६३ करोड ४७ लाख ६० हजार रहेको छ। मन्त्रालयमा विनियोजित रकम मध्ये समीक्षा अवधिमा चालुतर्फ रू. ७९ करोड ३४ लाख ८७ हजार र पुँजीगततर्फ रू. ४६ करोड ४९ लाख ५५ हजार गरी कूल रू. १ अर्ब २५ करोड ८४ लाख ४२ हजार खर्च भएको छ। समग्रमा यस मन्त्रालयबाट कूल विनियोजनको ७०.८० प्रतिशत खर्च भएको छ।

५.५.२ प्रमुख उपलब्धि

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आर्थिक वर्ष २०८०/८१ मा सम्पादन भएका कार्यक्रमबाट प्राप्त मुख्य उपलब्धिहरू निम्नानुसार रहेका छन्-

नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रम कार्यान्वयनको अवस्था

बुँदा नं	नीति तथा कार्यक्रम	उपलब्धि
४७	सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा परम्परागत ज्ञान तथा मौलिक सीपमा आधारित साना तथा मझौला उद्योगहरूको स्थापना तथा सञ्चालन र प्रविधि हस्तान्तरण गरिनेछ।	प्रविधि हस्तान्तरणबाट १५७ जना उद्यमी लाभान्वित भएका
४८	**"सीप सिकौं; श्रम र पसिना स्वदेशमै बिकाउँ"** भन्ने नाराका साथ गुणस्तरीय औद्योगिक जनशक्ति विकास गर्नका लागि समयसापेक्ष, माग तथा आवश्यकतामा आधारित युवा लक्षित सीपमूलक तथा क्षमता अभिबृद्धि तालिम कार्यक्रम सञ्चालन गरिनेछ। महिला, आदिवासी जनजाति, राउटे, दलित, अपाङ्ग, द्वन्द्वपिडित, सशस्त्र संघर्ष तथा जनआन्दोलनका सहिद परिवार लगायत आर्थिक एवम् सामाजिक रूपले पिछडिएका समुदायको उत्थानका लागि सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ।	१०२ वटा विभिन्न तालिमबाट १२५२ जना लाभान्वित भएका
५१	**क)** उपभोक्ताको हक अधिकारको संरक्षण, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण र आपूर्ति व्यवस्थालाई सहज बनाउन बजार अनुगमन तथा नियमनलाई नियमित र प्रभावकारी बनाइनेछ **ख)** हिमाली एवम् दुर्गम क्षेत्रमा नुन लगायतका अत्यावश्यक खाद्य सामग्रीको सहज र सुलभ आपूर्तिको	१५७ पटक बजार अनुगमन भई कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण कार्यमा टेवा पुगेको।

बुँदा नं	नीति तथा कार्यक्रम	उपलब्धि
	व्यवस्था मिलाउन सहकार्य गरिनेछ	
५३	**पर्यटन पूर्वाधार ; समृद्ध प्रदेशको आधार** भन्ने नाराका साथ संघ सरकार, स्थानीय तह र निजी क्षेत्र सँगको सहकार्यमा पर्यटन गुरूयोजना बमोजिम होटल, लज, हिल स्टेसन, डाउनहिल साइड साइकल रूट, स्काइ साइकल, बन्जी जम्प, होमस्टे, जिपलाईन, प्याराग्लाइडिङ्ग, र्याफ्टिङ्ग, रक क्लाइम्बिङ्ग लगायतका पर्यटन पूर्वाधार विकास गरिनेछ। हिमाली क्षेत्रमा पर्यटन विकासका लागि अपि सैपाल बेसक्याम्पसम्म स्तरीय पदमार्ग तथा विश्रामगृह निर्माण गरिनेछ।	खप्तड र बडिमालिकामा पर्यटकीय पदमार्ग निर्माण भएको। अपि बेसक्याम्पमा आवाश गृह निर्माण भएको। डडेल्धुरा देखि खप्तड त्रिवेणीधाम सम्म अन्तर्राष्ट्रयस्तरको साईकल यात्रा र बुढीतोला देखि धनगढीसम्मको साईकल यात्रा कार्यक्रम सञ्चालन भएको जसमा ६३ जना साइकल यात्रीको सहभागीता रहेको।
५४	पर्यटन विकासको माध्यमबाट रोजगारी सिर्जना गरी गरिबी न्यूनिकरण र आर्थिक विकासमा टेवा पुर्याउन धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र र राष्ट्रिय तथा प्रादेशिक महत्वका तालतलैयाको संरक्षण र प्रवर्घन गरिनेछ।	कैलाली जिल्लाको घोडाघोडी २ स्थित चिडियाताल वरिपरि पदमार्ग निर्माण तथा ताल संरक्षण कार्य भएको।
५६	आगामी आर्थिक वर्षमा विजयसाल र ब्ल्याक तेन्दु लगायत विभिन्न प्रजातिका न्यूनतम दश लाख विरूवा उत्पादन, वितरण तथा वृक्षारोपण गरिनेछ। प्रदेशभित्रका खुल्ला नाङ्गा डाँडा तथा अतिक्रमित क्षेत्रमा वृक्षारोपण गरी स्वच्छ पर्यावरणलाई बढावा दिइनेछ।	विभिन्न प्रजातिका गरी १८४३१९५ वटा विरूवा उत्पादन भएको। करिब ९१ हेक्टर क्षेत्रफल वृक्षारोपण गरिएको।
५७	क) वन पैदावारलाई आर्थिक विकासको साधनको रूपमा उपयोग गर्न आवश्यक नीतिगत र कानूनी सुधार गरिनेछ ख) एकीकृत संरक्षण र विकासको अवधारणा बमोजिम वन क्षेत्रको दिगो व्यवस्थापन गरी वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन बृद्धि गरिनेछ।	१) वन ऐन संशोधन मस्यौदा तयार भएको। २) नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि संशोधन भएको। ३) सामुदायिक वनको काठ दाउरा सङ्कलन निर्देशिका संशोधनको लागि मस्यौदा तयार

बुँदा नं	नीति तथा कार्यक्रम	उपलब्धि
	वन सम्बर्द्धन प्रणालीका सिद्धान्तमा आधारित **दिगो वन व्यवस्थापन कार्यविधि** तर्जुमा गरी कार्यान्वयन गरिनेछ।	भएको।
५८	सामुदायिक वन हस्तान्तरण कार्यलाई व्यवस्थित गर्न तराइ, चुरे र महाभारत क्षेत्रमा थप नयाँ सामुदायिक वन हस्तान्तरण गर्नु परेमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग सहमति लिएर मात्र हस्तान्तरण गर्न सकिने व्यवस्था लागु गरिनेछ।	१) कूल ३१ वटा नयाँ सामुदायिक वन समूह गठन भइ ३०३३ हेक्टर वनक्षेत्र समुदायस्तरमा हस्तान्तरण भएको
६०	वन पैदावारको सदुपयोग गरी राजस्व अभिबृद्धि गर्न र प्राप्त हुने लाभको न्यायोचित बाँडफाँड गर्ने व्यवस्था मिलाइनेछ	१) सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन र निजीबाट समेत गरी विभिन्न प्रजातिका १५४८६२४ क्यू फिट काठ र २०९८ चट्टा दाउरा निकासी भएको। २) वन पैदावार बिक्रिबाट रू १३,२८,८२,१४९ राजस्व सङ्कलन भएको।
६१	नागरिकको घरकाज र प्राकृतिक प्रकोप पीडितका लागि सहज तथा सुलभ रूपमा काठदाउरा उपलब्ध गराउन गठन हुन बाँकी रहेका जिल्लामा जिल्ला वन पैदावार आपूर्ति समिति गठन तथा सञ्चालन गरिनेछ।	जनताको घर निर्माण तथा मर्मतका लागि ३३५ घरधुरीलाई २९३२५ क्यू फिट काठ वितरण गरिएको।
६२	सबै सामुदायिक वन उपभोक्ता समूहमा सुशासन अभिबृद्धि गरी आर्थिक अनुशासन कायम गर्न दोहोरो लेखा प्रणालीमा राख्ने लगायतका सुधार कार्यक्रम कार्यान्वयन गरिनेछ।	१) आर्थिक कारोबार हुने सामुदायिक समूहहरू करमा दर्ता भइ करचुक्ता प्रमाण पत्र लिने प्रकृयामा निरन्तरता रहेको । २) सामुदायिक वनको मासिक बैठक, साधारण सभा तथा सार्वजनिक सुनुवाइ नियमित रूपमा सञ्चालन भइरहेको। ३) डिभिजन वन कार्यालयहरूबाट वार्षिक रूपमा सामुदायिक वनहरूको अनुगमन

बुँदा नं	नीति तथा कार्यक्रम	उपलब्धि
		मूल्याङ्कन गरी पुस्तिका प्रकाशन गर्ने गरेको। ४) सामुदायिक वन उपभोक्ता समूहहरूमा लेखा व्यवस्थापन तालिम, वन व्यवस्थापन तालिम, सामुदायिक वनका पदाधिकारीहरूलाई प्रचलित वन ऐन नियमावली, सामुदायिक वनको निर्देशिका र मार्गदर्शनमा भएका प्रावधान सम्बन्धमा अभिमुखिकरण, सामुदायिक वनमा वन सम्बर्द्धन स्थलगत अभ्यास साथै वन कार्यालय, स्थानीय सरकार र वन उपभोक्ता विच अन्तरकृया गोष्ठि सञ्चालन गरिएको। यस्ता तालिम गोष्ठिबाट ५७७२ जना उपभोक्ताको सहभागीता रहेको थियो। जसमध्ये महिला २५२१ जना र पुरूष ३४३० जना लाभान्वित भएका छन्।
६३	वन क्षेत्रमा हुनसक्ने अतिक्रमणलाई समयमा रोकथाम गरी विगतमा भएका अतिक्रमणलाई क्रमश: हटाइनेछ। बढ्दो वन अतिक्रमणलाई निरूत्साहित गर्न सम्बद्ध निकायको समन्वयमा संस्थागत संरचना तथा नीतिगत व्यवस्था सहितको प्रदेश वन अतिक्रमण नियन्त्रण रणनीति र प्रदेश वन सुरक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।	वन क्षेत्र भित्र रहेको ४८६ हेक्टर अतिक्रमित सिमसार क्षेत्र लाइ अतिक्रमणकारीबाट मुक्त गरी व्यवस्थापन गरिएको।
६४	मानव- वन्यजन्तु द्धन्द्ध न्यूनिकरण गर्नका लागि अन्तर निकाय समन्वयमा संस्थागत विकास कार्यक्रम सञ्चालन गरिन्छ। समस्याग्रस्त वन्यजन्तुको तत्काल	विभिन्न प्रजातिका ७९ वटा वन्यजन्तुहरूलाई उद्दार गरी प्राकृतिक बासस्थानमा छोडिएको।

बुँदा नं	नीति तथा कार्यक्रम	उपलब्धि
	उद्धार गर्न साधन सम्पन्न वन्यजन्तु उद्धार टोली गठन गरी परिचालन गरिन्छ।	
६५	नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन प्रणाली लागु गरिनेछ र भू क्षय नियन्त्रण, क्षतिग्रस्त भूमिको पुनःस्थापना, बायो-इञ्जिनियरिङ्ग सहितको तटबन्ध निर्माण, वर्षातको पानीको उपयोग, जलपुनर्भरण, सिमसार व्यवस्थापन जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ। चुरे क्षेत्रको जलवायुजन्य जोखिम न्यूनिकरण, भूमि तथा जलको उपयोग एवम् संरक्षण गरिनेछ।	१३४ स्थानमा निर्माण गरिएको खोला नदी किनार संरक्षण सम्बन्धी कार्यबाट ८६ हेक्टर क्षेत्रमा खेतबारीको संरक्षण भएको, ६२ स्थानमा निर्माण गरिएको गल्छि पहिरो नियन्त्रण सम्बन्धी कार्यबाट २४ हेक्टर जमिन संरक्षण भएको, ३ स्थानमा निर्माण गरिएको सिंचाइ कुलो तथा सिंचाइ पोखरी सम्बन्धी कार्यबाट १९ हेक्टर जमिन सिँचित भएको, खानेपानी मुहान संरक्षण १४ स्थानमा र २ वटा सिमसार संरक्षण एवम् व्यवस्थापन कार्य भएको

अ) वन क्षेत्र तर्फका उपलब्धिहरू

➢ वन व्यवस्थापन सम्बन्धी उपलब्धिहरू

सि.नं.	कामको विवरण	एकाई	जम्मा परिमाण
१	बहुउद्देश्यीय वनजन्य विरूवा उत्पादन	गोटा	१५४२१९५
२	बहुवर्षीय विरूवा उत्पादन	गोटा	३०१०००
३	वृक्षारोपण	हेक्टर	८५
४	वन अतिक्रमण नियन्त्रण	हेक्टर	४८६
५	वन तथा वन्यजन्तु अपराध सम्बन्धि मुद्धा दायरी	गोटा	६५
६	मुद्धामा पक्राउ परी मुद्धा दायर गरिएका प्रतिवादी	जना	१७७
७	सामुदायिक वन गठन तथा हस्तान्तरण	गोटा	३१
८	सामुदायिक वनलाई हस्तान्तरित क्षेत्रफल (हेक्टर)	गोटा	३०३३

सि.नं.	कामको विवरण	एकाई	जम्मा परिमाण
९	हस्तान्तरित सामुदायिक वनबाट लाभान्वित घरधुरी		२३१७
१०	धार्मिक वन हस्तान्तरण		१
११	धार्मिक वनका लागि हस्तान्तरित वन क्षेत्र (हेक्टर)		२.००
१२	सिमसार क्षेत्रको ब्यबस्थापन	गोटा	४
१३	सामुदायिक वनमा पर्यापर्यटन प्रबर्द्धन	गोटा	०
१४	उद्यान निर्माण	गोटा	१
१५	जडिबुटि खेति विस्तार	हेक्टर	६
१६	काठ उत्पादन तथा निकासी	क्यू फिट	१५४८६२४
१७	दाउरा उत्पादन तथा निकासी	चट्टा	२०९८
१८	आपूर्ति समितिबाट काठ दाउरा वितरण	क्यू फिट	२९३२५
१९	आपूर्ति समितिबाट काठ दाउरा वितरण	घरधुरी	३३५
२०	जडिबुटी उत्पादन तथा निकासी	के जी	२११२६८६
२१	खोटो निकासी	के जी	२६१६८४८
२२	राजस्व आम्दानी	रू	१३२८८२१४९
२३	रोजगारी श्रृजना	श्रमदिन	५९१७५

➢ वन अतिक्रमण हटाइएको सम्बन्धी विवरण

डिभिजन वन कार्यालय	अतिक्रमण हटाइएको ठेगाना	क्षेत्रफल हेक्टर	अतिक्रमणको प्रकृति
धनगढी कैलाली	गोदावरी ३ बडिमालिका सा व, चौकिडाँडा सा व, सुरक्षा महिला सा व, गोदावरी सा व	३	पुरानो अतिक्रमण
	टाँक गाडा, पौनेरूवागाडा चुरे ४	४०	टहरा हटाइएको
	विपदपुर कैलारी ७	५	खेत/खनजोत
	गोप्का, पछ्ला, गौरिगंगा १	२२	खनजोत गरेको खेत
पहलमानपुर	पुरैना ताल भजनी न पा ७	३८१	बाढीले पुरिएको ताल क्षेत्र खनजोत गरी खेती गर्दै

डिभिजन वन कार्यालय	अतिक्रमण हटाइएको ठेगाना	क्षेत्रफल हेक्टर	अतिक्रमणको प्रकृति
कैलाली			आएको
	मोहन्याल सा व भजनी न पा १ र ९, पशुपति सा व भजनी न पा १, वनदेवी सा व भजनी न पा १	३०.४	घर टहरा निर्माण गरी रूख सुकाउँदै खनजोत कार्य गर्दै आएको
	सयपत्री सा व भजनी न पा ९	३	घर टहरा निर्माण, खनजोत गरी फलफुल तथ कृषि बाली लगाएको
	मोहन्यल सा व घोडाघोडी न पा २	१	भवन लगायत भौतिक संरचना निर्माण
	लौका भौका सा व भजनी न पा ९	०.५	सरहारी भवन संरचना निर्माण
	जनकल्याण सा व लम्किचुहा न पा १	०.५	मन्दिर निर्माण
डोटी		१	
बैतडी		१	
डडेल्धुरा		२.२३	
जम्मा		**४८६**	

उपभोक्तास्तरमा सञ्चालन गरिएका विभिन्न तालिम/गोष्ठ सम्बन्धी विवरणहरू

तालिमको नाम	सहभागी संख्या	महिला सहभागी	पुरूष सहभागी	कैफियत
सा व उ स मा लेखा तालिम	१५२८	५९४	९२४	
वन डढेलो नियन्त्रण सम्बन्धी तालिम/गोष्ठि	८२२	३७३	४४९	
वन कार्यालय, स्थानीय सरकार र वन उपभोक्त बिच अन्तरकृया गोष्ठि	८३०	३३९	४९१	
सामुदायिक वनमा वन सम्बर्द्धन स्थलगत अभ्यास	७९९	४८४	५०७	
जैतुन कलष्टरका सा व उ स हरूलाई वन व्यवस्थापन सम्बन्धी तालिम	१०१	३८	६३	
जैतुन कलष्टरका सा व उ स हरूलाई जैतुन काठको हस्तकला निर्माण सम्बन्धी तलिम	२०	७	१३	
सामुदायिक वन व्यवस्थापन तालिम	९०१	४००	४९८	
वन संरक्षण तथा डढेलो सम्बन्धी स्कुल शिक्षा कार्यक्रम	२०४	११२	९२	
सामुदायिक वनका पदाधिकारीहरूलाई प्रचलित वन ऐन नियमावली सामुदायिक वनको निर्देशिका र मार्गदर्शन २०७१ बारे अभिमुखिकरण	४०४	१४५	२५९	
जडिबुटी उत्पादक संकलक तथा ब्यापारि बीच अन्तरकृया गोष्ठि	१००	२०	८०	
डिभिजन वन कार्यालयका कर्मचारीका लागि वन्यजन्तु तथा बानी व्यहोराको पहिचान सम्बन्धी तालिम	६३	९	५४	
जम्मा	**५७७२**	**२५२१**	**३४३०**	

अ) भू तथा जलाधार व्यवस्थापन क्षेत्र तर्फको उपलब्धि विवरण

सि.नं.	कामको विवरण	एकाई	कैलाली	डडेल्धुरा	डोटी	दार्चुला	जम्मा
१	पहिरो नियन्त्रण	गोटा	२	२४	१८	१८	६२
क	**संरक्षण भएको भौतिक संरचना तथा जमिनको क्षेत्रफल**		४	२०	१६.६		२४
२	नदि किनार संरक्षण/तटबन्ध निर्माण	गोटा	३१	२८	३६	३९	१३४
क	**खेतियोग्य जमिन संरक्षण भएको क्षेत्रफल**	**हेक्टर**	५६	३०	३६.७		८६
३	संरक्षण/रिचार्ज पोखरी निर्माण	गोटा	१				१
४	पानी मुहान संरक्षण	गोटा	१	४	३	६	१४
५	सिंचाई कुलो निर्माण	गोटा	०	२	१		३
६	सिमसार, ताल तलैया संरक्षण	वटा	१		१		२
७	लाभान्वित घरधुरी	संख्या	५४६०	१८००	२४४४		९७०४
८	सिंचाई पोखरी निर्माण	संख्या		३	२	१	६
क	रोजगारी श्रृजना	श्रमदिन	२७०००	३०००	४७१४०	३७०००	११४१४०
ख	कृषि भूमिमा सिंचाइ सुविधाको उपलब्धता	हेक्टर		५	६		११

➢ उपभोक्तास्तरमा सञ्चालित तालिम सम्बन्धी विवरण

तालिमको नाम	सहभागी संख्या	महिला सहभागी	पुरूष सहभागी	कैफियत
कम खर्चिलो भू संरक्षण तालिम	१३६	८६	५०	
विद्यालय संरक्षण शिक्षा कार्यक्रम	१५०	८५	६५	
भू संरक्षण सचेतना तालिम	२०	१२	८	
जम्मा	३०६	१८३	१२३	

➢ बाँस विरूवा रोपण सम्बन्धी विवरण

सि.नं	विवरण	कैलाली	डडेल्धुरा	डोटी	दार्चुला	जम्मा
१	बाँस विरूवा उत्पादन/खरिद तथा रोपण	३५४०	२७८०	९७०	१२५०	**८५४०**

आ) पर्यटन क्षेत्रतर्फ

➢ पर्यटन पूर्वाधार निर्माण सम्बन्धी विवरण

क्र.सं.	योजना तथा कार्यक्रम	लाभान्वीत समूदाय/क्षेत्र	लाभान्वीत तथा सिर्जना भएको रोजगारी (श्रमदिन)		
			दक्ष	अदक्ष	जम्मा
१	सहारा घर संरक्षण	असहाय/बिपन्न	३	१७	२०
२	शिबपुरिधाम स्तारोनती कार्यक्रम	ध.न.पा. क्षेत्र र धार्मिक भक्तजन	४९०	८४१	१३३१
३	बेहडाबाबा	ध.न.पा. क्षेत्र सेरोफेरो र अन्य	३३	९९	१३२

क्र.सं.	योजना तथा कार्यक्रम	लाभान्वीत समूदाय/क्षेत्र	लाभान्वीत तथा सिर्जना भएको रोजगारी (श्रमदिन)		
			दक्ष	अदक्ष	जम्मा
	पुर्बाधार निर्माण	धार्मिक भक्तजन			
४	जोखर ताल मुर्फुटा मुर्फुट्टी	ध.न.पा. क्षेत्र अन्य आन्तरिक तथा बाह्य पर्यटक	३८	८१३	८५१
५	मोहन्याल मन्दिर धार्मिक पूर्वाधार	चौमाला क्षेत्र तथा अन्य भक्तजनहरू	१०७	७९५	९०२
६	चिडिया ताल पदमार्ग	घोडाघोडी क्षेत्र तथा अन्य आन्तरिक तथा बाह्य पर्यटक	१०१	९४१	१०४२
७	गाजरी झरना प्रयटकिय पदमार्ग	गोदावरी न.पा. क्षेत्र तथा अन्य आन्तरिक तथा बाह्य पर्यटक	४५	४४०	४८५
८	गोदवारिधाम पूर्वाधार	गोदावरी न.पा. क्षेत्र, धार्मिक भक्तजन तथा अन्य आन्तरिक तथा बाह्य पर्यटक	४९६	१५७२	२०६८
९	डल्फीन क्षेत्र पुर्बाधार	टिकापुर न.पा. क्षेत्र तथा अन्य आन्तरिक तथा बाह्य पर्यटक	९४	३३२	४२६
१०	मोहन कर्णाली धाम मण्डप निर्माण	टिकापुर न.पा. क्षेत्र तथा अन्य आन्तरिक तथा बाह्य पर्यटक	१०१	२८२	३८३
११	भम्केनिधाम पुर्बाधार	भिमदत्त न.पा. क्षेत्र तथा धार्मिक भक्तजन तथा अन्य आन्तरिक तथा बाह्य पर्यटक	३३६	७२२	१०५८
१२	बतासे झरना संरक्षण तथा ब्यबस्थापन	शुक्लाफाँटा न.पा. क्षेत्र तथा अन्य आन्तरिक तथा बाह्य पर्यटक	०	५८५	५८५

क्र.सं.	योजना तथा कार्यक्रम	लाभान्वीत समूदाय/क्षेत्र	लाभान्वीत तथा सिर्जना भएको रोजगारी (श्रमदिन)		
			दक्ष	अदक्ष	जम्मा
१३	चौखेरी ताल पर्यटन प्रबर्द्धन	ध.उ.म.न.पा. क्षेत्र तथा अन्य आन्तरिक तथा बाह्य पर्यटक	१८९	३०३	४९२
१४	परशुराम धाम क्षेत्रमा वाटर फोहोरा निर्माण परसुराम न.पा - ०९ डडेल्धुरा	परशुराम धाम क्षेत्र, धार्मिक भक्तजन तथा अन्य आन्तरिक तथा बाह्य पर्यटक	१३७	३७२	५०९
१५	अपि बेष क्याम्प पर्यटकीय आवास गृह मर्मत अपि-०१ दार्चुला	दार्चुला क्षेत्र तथा अन्य आन्तरिक तथा बाह्य पर्यटक	४०५	६८०	१०८५
१६	अपि बेष क्याम्प पर्यटकीय आवास गृह निर्माण	दार्चुला क्षेत्र तथा अन्य आन्तरिक तथा बाह्य पर्यटक	१२५०	१५००	२७५०
१७	मरत्तती तल योखरजंङ पदमार्ग निर्माण	ब्यास गा.पा. क्षेत्र र दार्चुला क्षेत्र तथा अन्य आन्तरिक तथा बाह्य पर्यटक	१०५	३००	४०५
१८	मालिकर्जुनधाम पर्यटन पूर्वाधार तथा पर्यटन प्रबर्द्धन	मालिकार्जुन धाम क्षेत्र, धार्मिक भक्तजन तथा अन्य आन्तरिक तथा बाह्य पर्यटक	११०	२५०	३६०
